साप्ताहिक

# गोरखा एक्सप्रेस

गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np

GORKHA EXPRESS NATIONAL WEEKLY

माटोवादीहरुको साझा पत्रिका

वर्ष ४५ अंक १० २०८३ असोज १३ गते मंगलबार (Sep. 29, 2026) मूल्य रू. १०/-

## पूर्वप्रधानन्यायाधीश पक्राउ : अब को ?



पूर्वप्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबरा आधारातमा पक्राउ परे, १० घण्टा थुनामा राखिए, २ घण्टा केरकार भयो र परिवारको जिम्मा लगाइयो ।

राणा पहिलेदेखि नै विचौलिया, उनको न्याय सम्पादनमा पनि प्रश्न र सेटिङमा चल्ने भन्ने आरोपित थिए । सरकारले त्यसै केरकार गरेको होइन, तर सरकारले स्पष्ट पारेको छैन । मानवाधिकार आयोग र केही नेताले सरकारको व्यहारो निरंकूश भनेर आलोचना गरे । तर, यो पक्राउले हिजोका धेरै शासक, प्रशासकहरू त्रसित छन् । भनिन्छ, यो पक्राउ मानव बेचविखनसँग सम्बन्धित छ ।

## सञ्चारमन्त्री पत्रकारप्रति किन अनुदार ?



सञ्चारमन्त्री विक्रम तिमिल्सिना स्वरोजगार पत्रपत्रिकाप्रति साह्रै अनुदार भएका छन् । देशै भरिका पत्रकारहरू आन्दोलनमा छन्, त्यो आन्दोलनको कुरै सुन्दैनन् । बाढीपहिरोका पीडितको गाँस बास कपास, उपचारको बन्दोबस्त सरकारले गर्छ भनेर आश्वासन दिने मन्त्री पत्रपत्रिकाले लोककल्याणकारी विज्ञापन छापेबापत पाउँदै आएको रकम कटौती गर्ने कार्यविधि बनाएर पत्रपत्रिका छिमोल्ने काममा लागेका छन् । प्रधानमन्त्री प्रजातन्त्र भनिरहेका छन्, सञ्चारमन्त्री अप्रजातान्त्रिक निर्णय गरिरहेका छन् । सञ्चारमन्त्रीजी, यो त अति भएन र ?

## कम्युनिजममा ब्रेक, तर...



साम्यवाद कि समाजवाद ? २०४६ सालपछि नेपालमा साम्यवादी कम्युनिजम खुब चम्क्यो । २०६३ सालको परिवर्तनपछि त लामो समय कम्युनिष्ट नामधारीहरूले नेपालको शासन चलाए । लोकतन्त्रको नाममा कम्युनिष्टहरू यही समयमा कमाउनिष्ट, कम्युन्यालिस्ट बने । भन्नलाई राजतन्त्र फालियो भने पनि यथार्थमा विदेशी शक्ति र सामलको बलमा अतिवादीको साथ समाजवादी नामधारी कांग्रेस र अन्य दलहरूले दिएकाले त्यो सफल भएको थियो ।

तर, जनताले संघीय लोकतान्त्रिक गणतन्त्रको छाता ओढेर कम्युनिष्ट र कांग्रेसले गरेको लूटतन्त्रलाई रूचाएनन् । जेनजी बिद्रोह भयो, जनताले साथ दिए । अन्तरिम सरकार र चुनाव भयो, जनताले साथ दिए । फागुन २१ को चुनावमा जनताले कम्युनिष्टतन्त्रमा ब्रेक लगाइदिए । सत्ता परिवर्तन भयो, संविधान परिवर्तन हुनै बाँकी छ । ६ महिना भयो, जनतामा परिवर्तन हुन्छ भन्ने आश छ, जनताले आश मारेका छैनन् । कम्युनिष्टलाई रोक्ने हो भने नयाँ सरकारले युद्धस्तरमा राहत,उद्धार, पुनर्निर्माण, सुशासन र भ्रष्टमाथि कारवाहीको काम गर्नैपर्छ ।

## नैतिक शिक्षानीति बन्न जरूरी



सरकार विद्यालय शिक्षा क्षेत्र योजना (एसईएसपी) को बैठकमा व्यस्त छ, शिक्षा नीति, पाठ्यक्रम, अन्य कार्यक्रम निर्माण र कार्यान्वयन पक्षको तर्जुमा प्रक्रियामा जुटेको छ । एसईएसपीको निर्धारित 'कस्टेड प्रोग्राम' को यो अन्तिम वर्ष हो । आगामी वर्ष शिक्षालाई कुन दिशामा अघि बढाउने छलफल जारी छ ।

यही बैठकमा शिक्षा क्षेत्रको वर्तमान अवस्था, उपलब्धि, समस्या र आगामी आवश्यकताको विश्लेषण हुनेछ र त्यही आधारमा नीति निर्माण हुनेछ ।

शिक्षाविदहरूले भनेका छन्- देशमा भ्रष्टाचार व्याप्त छ, हत्या, लूट, बलात्कारका घटना दिनप्रतिदिन बढेका छन् । ३ महिनादेखि ६० वर्षका बृद्धासम्मको बलात्कार हुनेगरेको छ । समाज सभ्यबाटा असभ्यतातिर उन्मुख भएको छ । यसको मूलकारण नैतिक शिक्षाको कमीले गर्दा हो । नयाँ पुस्तालाई सिकाउनुपर्ने पहिलो शिक्षा भनेकै नैतिक शिक्षा हो, दोस्रो सिपमूलक शिक्षा हो । घोकन्ते शिक्षाले गर्दा युवापुस्ता रोजगारीका लागि विदेशीनु परेको छ । यसतिर ध्यान दिऔं ।

## हर्क, दिलमायातिर फर्क



अदालतले जेठी श्रीमती दिलमाया राईलाई अंश दिने निर्णय गरेपछि श्रम-संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङले दुई श्रीमतीको प्रसंगमा सार्वजनिक प्रष्टीकरण दिंदै जेठी श्रीमतीसँग कानुनी रूपमा पहिले नैअलग भइसकेको भनेका छन् । अदालतले सगोल सम्पत्ति पाँच अंशियार कायम गरी एक अंश जेठी पत्नी दिलमाया राईलाई दिनुपर्ने ठहर गरेको छ । विवाह भएपछि पति हर्कराजले कुटपिट गर्ने, परस्त्रीसँग नाजायज सम्बन्ध राखेको आरोप समेत जेठी श्रीमतीले लगाएकी थिइन् । जो नेताले घरझगडा गर्छ, उसले देशको विवाद कसरी हल गर्नसक्छ । तिनै हर्कराज राई हरेक दिन संसदमा प्रधानमन्त्रीको खेदो खनिरहेका सुनिन्छन्, देखिन्छन् । प्रधानमन्त्रीको राष्ट्रियतामा प्रश्न गर्छन् र राजीनामा देउ भनिरहेका छन् । उनकोदावी छ-म छिटै प्रधानमन्त्री बन्छु ।

# नेपाली आवाज विश्वले सुन्यो

रास्वपाले चुनाव जित्यो, सरकार बनायो । सरकार बन्नसाथ विपक्षीले यसरी घेरे कि थाल खाउँ कि भात खाउँ नै बनाएको देखियो । प्रम बालेन साहलाई विपक्षीले सय दिन पनि दिएनन्, बिरोध घन्काए, राजीनामा मागे ।

प्रष्ट छ, रास्वपासँग दुईतिहाइको बहुमत छ, कराएर, बिरोध गरेर सरकार ढल्दैन । तर विपक्षी कांग्रेस, एमाले, नेकपा र श्रम संस्कृति पार्टीले संसद र सडकमा चिच्याइ चिच्याइ बिरोध गरिरहे । बिरोधको सुनवाई नभएपछि नेकपा र एमालेले अन्य पार्टीसँग मिलेर दशै तिहारपछि सडकमा आगो बाल्ने भनेर हुँकार गरिसकेका छन् ।

बिरोध र विपक्षीको हुंकारले रास्वपा ढल्ने वा गल्नेवाला देखिदैन । तर देशी विदेशी तत्वहरू रास्वपाभित्र फूट ल्याउन र बालेन साहलाई सत्ताबाट बहिर्गमन गराउने साजिस गरिरहेका समाचार सार्वजनिक भइनैरहेका छन् । भन्नेहरू त पार्टी सभापति रवि र प्रम बालेन साहवीच मत बाझिन थालेको र प्रम बालेनमाथि लागेका आक्षेपहरूको बीचबचाउ गर्दा गर्दा सभापति थाकिसकेको हल्लाखल्ला हुन थालेको छ । यतिमात्र होइन, बालेन साह चुनावअघि रास्वपामा प्रवेश गरेकाले रास्वपाप्रति बालेन साहको खासै लगाव छैन । म रास्वपामा आवद्ध भएकाले रास्वपाले दुई तिहाइ मत ल्याएको हो भन्ने अहंकार बालेनमा रहेको भन्न आरोप लगाउन थालेका छन् ।

हुन पनि पार्टीको बैठकहरूमा बालेन साह जाँदैनन् । संसदमा बिरलै जान्छन् र विवादित मन्तव्य दिन्छन् । जसलाई मसला बनाएर विपक्षीहरूले बालेनमाथि राष्ट्रघाती समेत भनेका छन् । तर बालेनको स्टाटसहरूमा जति विरोध गरे पनि आफूलाई फरक नपर्ने बताउँछन् र आमनेपालीप्रति नतमस्तक भएर आपू काम गर्न आएको र काम गरिरहने बताइरहन्छन् । बिरोधीहरूले त बालेन साहलाई गजडीसम्म भन्न भ्याए । बोल्न नजान्ने, उभिन नसक्ने, टिसर्ट लाउने संसदमा जाने समेत भने ।

तर कुनै तामझाम बिना साधारण नागरिकसरह राष्ट्रसंघको बैठकमा सहभागी हुन प्रम बालेन अमेरिका गए, राष्ट्रिय पोसाकमा उभिए । आफ्नो मन्तव्य राखे । उनी सतिसाल भएर उभिएको देखियो, सारगर्भित अभिव्यक्ति दिएको सुनियो । उनको अभिव्यक्ति, नेपालले भोटेकोशी बाढीबाट गुमाएका आफन्तजन, बगाएका संरचना, खेप्नु र खप्नु परेको जलवायु परिवर्तनको महाविपतबारेको मन्तव्य विश्वले सुन्यो र संवेदनशील भए । नेपालको इतिहासमा बालेन साहले धाराप्रवाह रूपमा अलिखित अभिव्यक्ति दिंदा लाग्यो, नेपाल बिउँझिएको छ । नेपालको आवाज विश्वले सुन्नैपर्ने थियो र सुनिरहेको छ । यतिमात्र होइन, १४ मिनेटको समयको अन्तमा प्रम बालेन साहले विश्वलाई नै चकित पार्नेगरी नेपालीमा मन्तव्यको अन्तमा बोलेका थिए- 'भगवान पशुपतिनाथले विश्वको कल्याण गरून् । यो विश्व, यो विश्व बुद्धले देखाएको बाटोमा हिँड्न सकोस् । धेरै धेरै धन्यवाद । नमस्ते ।'



बालेन साहले बोलेर नेपाल फर्किए । तर प्रम बालेनको अभिव्यक्तिलाई विश्वका प्रभावशाली कूटनीतिज्ञहरू टपक्कै टिपे र थुप्रै मिडियाहरूले मुख्य समाचार बनाएका छन् । भारतले महत्व दिएको छ । आगामी महिना भारत भ्रमणमा जाने होमवर्क सुरू भइसकेकोले प्रम बालेनको भनाइलाई भारतले सकारात्मक रूपमा लिने अनुमान गरिएको छ । उत्तरको चीनले राम्ररी सुनेको छ । यसवर्ष राष्ट्रसंघमा बोलिएका अभिव्यक्तिहरूमा बालेन साहको मन्तव्य पहिलो श्रेणीमा परेको छ । यसपछि इरान र अमेरिकाले महत्व पाएको देखियो ।

एउटा विश्वकै युवा प्रधानमन्त्रीले विश्वको मथिङ्गल हल्लाउने खालको मन्तव्य दिएका छन् । उनले भनेका छन्- ७२ घण्टामा संसारको जुनसुकै ठाउँमा हतियार पुऱ्याउन सक्ने संसारसँग एक किसानलाई जीविकोपार्जनका साधन नदिने कुनै बहाना छैन ।

प्रम बालेनले विश्वसँग न्याय मागेका छन्, न्यायको आवाज उठाएका छन् ।

भोटेकोशीको बाढीबाट परेको विपदबारे प्रम बालेनले भनेका छन्- हामी बहुपक्षीयतामा विश्वास गर्छौं । हिमालय ग्रहको छेउको कुरा होइन, यो पृथ्वीको जीवन रक्षा प्रणालीको अभिन्न अङ्ग हो । त्यसैले, तत्कालको पहिलो कदमका रूपमा हामी प्रस्ताव गर्दछौं कि नेपाल, भारत र चीनको नेतृत्वमा 'हिमालय जलवायु लचिलोपन संयन्त्र' (Himalaya Climate Resilience Mechanism) स्थापना गरौं । यस संयन्त्रमार्फत, हामी भू-उपग्रहको तथ्याङ्क र विज्ञता साझा गरौं । यो प्रस्तावको तरङ्ग बेइजिङदेखि दिल्लीसम्म देखिएको छ । बालेन भनाइको छाल अष्ट्रेलियादेखि इरान हुँदै विश्वभरि फैलिएको देखिन्छ ।

नेपाललाई अन्य मुलुकको चस्माले हेर्नेहरूले अब युवा नेतृत्वको नेपाललाई पुराना दलका शासनलाई हेपेजसरी हेप्न सक्ने देखिदैन । समानता र साझेदारका रूपमा अमेरिकाले पनि महत्व दिएको छ ।

# कम्युनिष्टसँग बरालिंदा कांग्रेस घर न घाटको

अतिवादमा थियो माओवादी । आफैले टाउकोको मूल्य तोकेको माओवादीसँग मिलेर राजतन्त्र फाल्ने र वीपी नीति त्याग्ने कांग्रेस यतिबेला ऐतिहासिक संकटमा फस्न पुगेको छ ।

कम्युनिष्टसँग रमाएका पूर्वसभापति देउवा ज्योतिषको भरमा परेर, कसैको उक्साहटमा परेर ५ दशक लामो राजनीतिका परिपक्व नेता शेरबहादुर देउवाले छैठौं पटक प्रधानमन्त्री बन्नै लागि कम्युनिष्टसँग मिलेका थिए ।

गणतन्त्र नेपालको पहिलो राष्ट्रपति बन्ने लालसामा तत्कालीन नेता गिरिजाप्रसाद कोइरालाले हार खानुपऱ्यो, जीवन समाप्त पार्नुपऱ्यो भने पुनः प्रधानमन्त्री बन्नका लागि कांग्रेसले कम्युनिष्ट एमाले र माओवादीको पछि लाग्दालाग्दै जेनजी विद्रोह निम्त्याउनु पऱ्यो, राजनीतिक जीवनको उत्तरार्द्धमा जेनजी पुस्ताबाट रगताम्मे हुनेगरी कुटिनुपऱ्यो, विदेश भासिनु पऱ्यो र पार्टीको नेतृत्व गुमाउनु पऱ्यो र अब पाउने सर्वमान्य नेताको सम्मान पनि गुमाउनु पर्ने भएको छ ।

राजनीतिक र उमेर दुवै हिसाबले थकित र एकप्रकारले औचित्य र सान्दर्भिकता गुमाइसकेका र आफ्ना भनिएकाहरूसमेत धेरैनेता र कार्यकर्ता गगनतिर गइसक्दा पनि देउवाले अझै शक्तिको लोभ र लालसा त्याग्न सकेका छैनन्, सभापति गगन थापासँग मोलमोलाई गरिरहेका देखिन्छन् ।

कसैले बुझ्न नसकेको कुरा भनेको आफ्नै नेतृत्वमा अधिवेशन गर्नुपर्ने घिटघिटो देउवाले किन पालिरहेका होलान् ? यसको अन्तर्य के होला कुन्नी ?

असोज १६ देखि १९ गतेसम्म काठमाडौंमा हुने महाधिवेशनका क्रममा जारी प्रतिनिधि छनोट प्रक्रिया रोकेर वार्ता र सहमतिका आधारमा आगामी महाधिवेशन संयुक्त रूपमा गर्नुपर्ने माग सुनुवाई भएन भन्ने रोष छ देउवामा । यसैले देउवा पक्ष समानान्तर महाधिवेशनको तयारीमा जुटेको छ ।

एउटा पार्टी दुई महाधिवेशन हुनेतिर कांग्रेस अग्रसर छ । फागुन २१ को चुनाव हारेर थलिएको कांग्रेस त्यसैपनि कमजोर छ, त्यसपछि दुईचिरा भएपछि ८ दशक पुरानो र प्रजातन्त्रको बिडा उठाउने पार्टी भनेर नथाक्ने कांग्रेसको हालत र हविगत कति खस्किएला ?

देउवा पक्ष हामी १४औं महाधिवेशनको निर्वाचित आधिकारिक भन्छ, विशेष महाधिवेशनबाट निर्वाचित गगन पक्ष १५औं महाधिवेशनको प्रकृया असोज ३ बाट अघि बढाइसकेको छ ।

देउवापक्षका संयोजक डा. शशांक कोइरालाले आगामी मंसिर २१ देखि २३ गतेसम्म काठमाडौंमा १५औं महाधिवेशन गर्ने भनेको छ । संस्थापन पक्ष गगन समूह महाधिवेशन रोक्दै नरोक्ने भनेर अघि बढिसकेको छ । सभापति गगन थापाले उद्घाटन गरेर सर्वमान्य नेता बन्न गरेको आग्रहलाई देउवाले नकारेका छन्, भेट्न खोज्दा भेट पनि दिन मानेका छैनन् । विवाद चुलिएको छ ।

देउवालाई उक्साउने प्रकाशशरण महतहरू एकताको महाधिवेशन गर्न हरसम्भव प्रयास गरेको हो, गगन समूहले नमानेको




दोषारोपण गरिरहेका छन् ।

लाग्छ, अब एकताको महाधिवेशनको ढोका बन्द भइसकेको छ । तथापि केही कांग्रेसी नेताहरू कुनै न कुनै बाटो निस्कने छ र एकताको महाधिवेशन हुनसक्छ भनेर आशावादी देखिन्छ ।

कांग्रेसले कम्युनिष्टहरूसँग बरालिंदा लोकतन्त्रलाई लूटतन्त्र बनाउन सफल भए, यसैका कारण जनताले चुनावबाट स्वाद चखाइदिएका छन् । अझै पनि कांग्रेसले बुद्धि पुऱ्याउने र कम्युनिष्टप्रतिको आशक्ति त्यागेर सिद्धान्त, नीति र नैतिकताका साथ वीपी सिद्धान्तमा उभिने हो भने जनताले नपत्याउने कारण छैन । यसका लागि प्रजातान्त्रिक भनिने कांग्रेसले कम्युनिष्टसँग सिद्धान्त समाप्त पार्नु भएन । नेपाली कांग्रेसको संगठन र समर्थन भइरहँदा पनि कांग्रेसले गरेको लूटतन्त्रको बिरोधमा जनताले विद्रोह गरेका हुन्, यो कुरा कांग्रेस बुझ्ने पक्षमा देखिदैन ।



# गोरखालीको गौरवपूर्ण इतिहास




# ललिता निवासको फाइल खोलिदैछ




*पूर्व प्रधानन्यायाधीश चोलेन्द्र शमशेरलाई आधारातमा पक्राउ गरेर केरकार गरेपछि छाडिएको छ । सतहमा सुरक्षा थ्रेड भनिए पनि यथार्थमा मानव बेचबिखनमा उनको संलग्नता र ०७९ को संसद ब्यूँताउने उनको भित्री चलखेलका कारण पक्राउ गरिएको र कागज गराएर छाडिएको बताइन्छ । जेहोस्, बालेन सरकार र रास्वपाले जितेको दुई तिहाइको शक्तिलाई समाप्त पार्ने षडयन्त्र भइरहेको बुझ्न सकिन्छ ।*

# बाढी पहिरोपछि रोपवेको सम्झना

रज्जुमार्ग, रोपवेका बारेमा बरिष्ठ पत्रकार तीर्थ कोइरालाका अनुसार कुन प्रधानमन्त्रीले हो अलि पहिले एउटा सुरूङ शिलान्यासका सन्दर्भमा 'मुलुक सुरूङ युगमा प्रवेश गऱ्यो' भनेर ताली खाएका थिए । पहिले सुरूङ खन्ने र अहिले केबुलकार उद्घाटन गर्ने प्रधानमन्त्रीले कसो मुलुक अँध्यारो सुरूङबाट निकालेर घिर्लिङ युगमा प्रवेश गराएको छु भन्न् भ्याएनछन् । स्मरणीय छ हेटौंडा - काठमाडौं









रोप वे मकवानपुरको भीमफेदी देखि काठमाडौं मातातीर्थ पछि टेकुसम्म जोड्ने कुल ४२ किलोमीटरको थियो । प्रधानमन्त्री चन्द्रशमशेरले वि.सं १९८२ मा काठमाडौंमा अनिकाल परेपछि मकवानपुरको भीमफेदी नजिकको धोर्सिङबाट मातातिर्थसम्मको २२ किलोमिटरमा रोप-वे लाइन बनाएका थिए । यही रोप-वेले धोर्सिङबाट काठमाडौंसम्म सामान ढुवानी गरेर काठमाडौंको अनिकाल टारेका थिए । यो रोप-वेलाई जुद्धसम्शेरले टेकुस्थित भन्सार कार्यालयसम्म विस्तार गरेका थिए र त्यसपछि यसको लम्बाई ४२ थियो । यसलाई रज्जुमार्ग रोप वे वा घिर्लिङ भनिन्थ्यो । यसमा सामान मात्र ढुवानी गरिन्थ्यो । यो बि.सं. १९८२ देखि २०५४ सम्म सञ्चालन भएर बन्द भयो । यो नेपालको पहिलो रोप वे थियो । यसको आधुनिकीकरणको काम राजा महेन्द्रका समयमा २०१९-२० तिर अमेरिकी सहयोगमा भएको थियो ।

यसैगरी वीरगञ्जबाट भिमफेदी सम्मको राजमार्ग बनाउने क्रममा पूर्वी नेपालको पहिलो वडाहाकिम क. हर्कजंग थापाको छोरा चिफ इञ्जिनियर दिल्लीजंग थापाको नेतृत्वमा बि.सं. १९७४ मा चुरीया टनेल तैयार गरिएको थियो । क. गजराज र क. हर्कजंग राणाकालीन सेनाका कर्णेल (क) थिए । ९ फिट चौडा १० फिट अग्लो र ७८५ फिट लामो यो सुरूङको उपयोग २०२७-२८ सालसम्म भएको थियो ।

# सांसदहरूको भूमिका र संसदीय व्यवस्थाको विकास



**नारायणप्रसाद मिश्र**

हाम्रो देशमा दल र प्रत्येक दलका केही टाउके नेताहरूको निर्देशन, नियन्त्रणमा साधारणतः सबैजसो हाम्रा सांसदहरू संसदमा रबरछाप भएर बस्ने र संसदीय छलफलमा आफ्नो ज्ञान विवेक र अन्तस्करणले सत्य र असत्यको आधारमा सही लाई सही, गलतलाई गलत भन्ने भूमिकामा नरहेका हुन् कि? भन्ने मलाई लाग्दछ । यसैले हाम्रो मुलुकमा संसदीय व्यवस्था भएपनि वास्तवमा व्यवहारमा सांसदहरूको कुनै भूमिका नभएको संसदीय व्यवस्था चलिरहेको जस्तो म महसुस गर्छु ।

आफ्नै सरकारले गलत काम गर्दा संसद् सदस्यले के गर्नुपर्छ? सत्तारूढ दलका सांसदले सरकारले जे गरे पनि त्यसको समर्थन गर्नुपर्छ कि सत्य बोल्ने साहस गर्नुपर्छ ? देश विकास र संसदीय व्यवस्थाको दिगो विकासको लागि सोचविचार गर्दा यी प्रश्नहरू मेरो मनमा वेलावखत आइरहन्छन् । केवल राजनीतिज्ञहरूको लागि मात्र होइन, संसदीय लोकतन्त्रकै विकासको लागि सबैले विचार गर्नु पर्ने यी प्रश्नहरू हुन् भन्ने मलाई लाग्दछ ।

सांसदहरूको भूमिकाका बारेमा विभिन्न धारणा पाइन्छन् । एकथरीको विचारमा सत्तारूढ दलका सदस्यहरूले आफ्नो सरकारका नीति र योजनाहरूको सधैं समर्थन गर्नुपर्छ र सरकारका क्रियाकलापमा सधैं सही थाप्नुपर्छ । उनीहरू यस्तो समर्थनलाई पार्टीप्रतिको निष्ठाको विषय मान्छन् । अर्को थरीको धारणामा भने फरक देखिन्छ । उनीहरूका अनुसार प्रत्येक सांसदले आफ्नो ज्ञान, विवेक र अन्तरात्माको प्रयोग गरी सही र गलत छुट्याउनुपर्छ–सहीलाई सही र गलतलाई गलत भन्नुपर्छ ।

मेरो विचारमा, परम्परागत संसदीय व्यवस्थाले यसलाई स्वीकार गरेपनि, नगरेपनि स्वस्थ लोकतन्त्रका लागि दोस्रो दृष्टिकोण अत्यावश्यक छ । सांसद जनताद्वारा निर्वाचित हुन्छ, कुनै राजनीतिक दलको नेताले नियुक्त गर्ने मात्र होइन । त्यसैले उसको पहिलो जिम्मेवारी जनता र देशप्रति हुनुपर्छ । दलको सदस्यता महत्त्वपूर्ण छ, तर त्यसका कारण व्यक्तिले आफ्नो स्वतन्त्र निर्णय गर्ने क्षमता त्याग्नुपर्ने होइन ।

दुर्भाग्यवश, नेपालको राजनीतिक इतिहासले फरक कथा बताउँछ । सत्तारूढ दलका सदस्यहरू प्रायः आफ्ना सरकार र पार्टी नेताहरूका आज्ञाकारी अनुयायी बनेर बसेका हुन्छन् । उनीहरूमध्ये अधिकांश मौन रहन्छन् र आफ्नो अन्तरात्मालाई पार्टीको रबर छाप बनाउँछन् । उनीहरूले सरकारी निर्णयलाई केवल त्यो आफ्नो सरकारको निर्णय भएकै कारण समर्थन गरेका हुन्छन् ।अर्को तर्फ विपक्षी दलहरूले पनि प्रायः उल्टो बाटो अपनाएका हुन्छन । उनीहरू विपक्षमा भएकै कारण सरकारले गर्ने लगभग हरेक कामको विरोध गर्छन्, मानौं उनीहरूसँग सत्य र असत्य, सही र गलत छुट्याउने अन्तरात्मा नै छैन ।

मेरो विचारमा यी दुवै अभ्यासले संसदीय लोकतन्त्रलाई कमजोर बनाउँछन् ।

संसद् केवल "हुन्छ" भन्नु नै आफ्नो कर्तव्य ठान्ने मानिसहरू र "हुँदैन" भन्नु नै आफ्नो कर्तव्य ठान्ने मानिसहरूमा विभाजित हुनुहुँदैन । राम्रो संसद्लाई सही कुरामा हुन्छ र गलत कुरामा हुँदैन भन्न सक्ने सदस्यहरू आवश्यक पर्छन् ।

सरकारको राम्रो निर्णयको समर्थन गर्नु विपक्षी दलको कमजोरी होइन । सरकारको गलत निर्णयको आलोचना गर्नु सत्तारूढ दलका सदस्यको गद्दारी होइन । यी दुवै जिम्मेवार संसदीय आचरणका लक्षण हुन् ।

त्यसैले सांसदको वास्तविक परीक्षा र मूल्याङ्कन कसले सरकारको समर्थन गर्छ वा विरोध गर्छ भन्ने होइन, कसले किन कुन आधारमा समर्थन वा विरोध गर्छ भन्ने आधारमा गरिनु पर्ने वेला आएको छ ।

के उसको धारणा सत्य र तथ्यमा आधारित छ? के त्यो जनताको हितमा छ? के त्यसले देशको सेवा गर्छ? वा त्यो पार्टीको निर्देशन, व्यक्तिगत महत्त्वाकांक्षा, राजनीतिक प्रतिशोध अथवा सत्ता र सुविधाको चाहनाबाट प्रेरित छ? आज नेपालको सन्दर्भमा यो भिन्नता निकै महत्त्वपूर्ण छ ।

आजकल हाम्रो मुलुकमा यस सन्दर्भमा केही उत्साहजनक संकेतहरू देखिएका छन् । राष्ट्रिय स्वतन्त्र पार्टीका केही सदस्यहरूले आफ्नै सरकार गलत छ भन्ने लाग्दा त्यसको आलोचना गर्ने इच्छा देखाएका छन् । यस्तो स्वतन्त्र निर्णय गर्ने क्षमता प्रशंसनीय छ । अन्तरात्मा र तथ्यले माग गर्दा सांसद आफ्नै सरकारसँग असहमत हुन डराउनुहुँदैन ।

तर केही यसकै सांसदहरूले भने आफूले अपेक्षा गरेको पद, विशेषाधिकार, सुविधा वा लाभ नपाएकै कारण मात्र सरकारको विरोध गरेको जस्तो देखिन्छ । यस्तो विरोध सिद्धान्तमा आधारित हुँदैन । यो व्यक्तिगत स्वार्थबाट प्रेरित विरोध हो । यो देशका लागि खतरनाक छ ।

यही आलोचना विपक्षी दलहरूलाई पनि लागू हुन्छ । उनीहरूको जिम्मेवारी केवल सरकारको विरोध गर्नु मात्र होइन । उनीहरूले सरकारका नीति र क्रियाकलापको ध्यानपूर्वक परीक्षण गर्नुपर्छ र देशलाई फाइदा पुऱ्याउने तथा देशलाई हानि गर्ने कुराहरू छुट्याउनुपर्छ । सरकारले राम्रो काम गर्छ भने विपक्षी दलले त्यसलाई स्वीकार गर्ने इमानदारी देखाउनुपर्छ । सरकारले गलत काम गर्छ भने विपक्षी दलले तथ्य र तर्कका आधारमा त्यसलाई उजागर गर्नुपर्छ ।दुर्भाग्यवश, यस्तो राजनीतिक परिपक्वता नेपालमा अझै धेरै कमजोर छ । यो संस्कार हाम्रा विपक्ष दल र सांसदहरूमा विल्कुलै देखिन्दैन ।

हामीले बुझ्नुपर्छ कि अन्धो निष्ठाले लोकतन्त्र बलियो हुँदैन । स्वतन्त्र सोच, इमानदार बहस, जवाफदेहिता र सत्यप्रतिको सम्मानले मात्र लोकतन्त्र बलियो बनाउँछ । सरकारले देश र जनताको लागि राम्रा कामहरू गर्ने जस्तै स्वार्थी सरकारले वा कहिलेकाही ज्ञानको कमीले पनि गल्ती काम पनि गर्न सक्छ । सांसदहरूको जिम्मेवारी गल्ती सच्याउनु र राम्रा कामलाई प्रोत्साहन गर्नु हो–जुनसुकै मूल्यमा आफ्नो पार्टीको रक्षा गर्नु होइन ।

वर्तमान सरकार धेरै परम्परागत स्वार्थकेन्द्रित भागवण्डा दलका सरकारहरूभन्दा फरक परिस्थितिमा बनेको छ । यहाँ भागवण्डा दल भन्नाले राष्ट्र र जनताको सेवा गर्नुभन्दा आफ्ना नेता र समर्थकहरूबीच सरकारी पद, मन्त्री पद, नियुक्ति र अन्य लाभहरू बाँडफाँट गर्नमा केन्द्रित राजनीतिक दलहरू भन्ने अर्थ राख्दछ, जसले नाममा प्रजातन्त्रवाद, समाजवाद, साम्यवाद वा वादी भनिए पनि देशमा आफू र आफन्तवाद मात्र चलाइआएका छन् । यसैले यो सरकार यस किसिमको सरकार जरूर हुनेछैन भन्ने आशामा जनता छन् ।

यदि यो सरकार पनि आफ्नो दल र आफ्नै कार्यकर्ताहरूको मात्र स्वार्थ, व्यक्ति र समुहगत स्वार्थ, राजनीतिक अन्तर्कलह, अन्धो विरोध वा सांसदहरूको गैरजिम्मेवार व्यवहारका कारण असफल भए भने त्यसको परिणाम एउटा राजनीतिक दलले मात्र भोग्नुपर्ने छैन । देश र जनताले लामो समयसम्म ठूलो दुःख भोग्नुपर्नेछ । देश फेरि भागवण्डा दलहरूजस्ता विगतमा शासन गरेका उही स्वार्थी दलहरूको हातमा पुग्ने वास्तविक खतरा छ ।

त्यसैले यो विषय हरेक इमानदार र निष्पक्ष नागरिकका लागि महत्त्वपूर्ण छ ।

राजनीतिज्ञहरूले राष्ट्रिय स्वार्थभन्दा दलगत स्वार्थलाई माथि राखेमा नेपाल अघि बढ्न सक्दैन । सांसदहरू सत्य बोल्न डराएमा नेपाल अघि बढ्न सक्दैन । राजनीतिक विरोध सत्य र असत्य विचार नगरी खाली राजनैतिक स्वार्थको आधारमा स्वतः अस्वीकार गर्ने प्रवृत्तिमा तथा सरकारको समर्थन स्वतः आज्ञापालन गर्ने प्रवृत्तिमा सीमित भयो भने त नेपाल कहिल्यै अघि बढ्न सक्दैन ।

नेपाललाई एउटा नयाँ राजनीतिक संस्कृतिको आवश्यकता छ–जहाँ पार्टीभन्दा सत्य महत्त्वपूर्ण होस्, राजनीतिक सुविधाभन्दा तथ्य महत्त्वपूर्ण होस् र व्यक्तिगत स्वार्थभन्दा राष्ट्रिय हित महत्त्वपूर्ण होस् ।

मेरो पार्टीले गलत गरेमा म गलत कुराको समर्थन गर्दिन । म विपक्षमा भए पनि सरकारले गर्ने प्रत्येक सही कामलाई म सहर्ष स्वीकार गर्नेछु भन्ने सत्य संस्कार हाम्रा सांसदहरूमा हुनुपर्दछ ।त्यो नै लोकतान्त्रिक परिपक्वताको वास्तविक संकेत हुनेछ ।

नेपालको संसदीय व्यवस्थाको भविष्य सरकार कसले बनाउँछ भन्ने कुरामा मात्र निर्भर गर्दैन । सांसदहरू निर्वाचित भइसकेपछि आफ्ना जिम्मेवारीहरू कसरी पूरा गर्छन् भन्ने कुरामा पनि निर्भर गर्छ ।अब नेपालका सांसदहरू र देशका इमानदार नागरिकहरूले यस विषयमा गम्भीरतापूर्वक सोच्ने बेला आएको छ ।

सांसदको पहिलो निष्ठा पार्टी, नेता वा व्यक्तिगत स्वार्थप्रति हुनुहुँदैन । त्यो सत्य, जनता र राष्ट्रप्रति हुनुपर्छ । यो सत्य ज्ञान सम्बन्धित सबैको हृदयमा रहोस् । म कामना गर्छु ।

***लेखक परिचय***

*नेपाली र अंग्रेजी भाषाका विभिन्न पुस्तकका लेखक तथा धेरै लेखका रचनाकार; त्रिभुवन विश्वविद्यालय सेवा आयोग कार्यालयका पूर्व प्रमुख र असीको दशकको मध्य उमेरमा रहेका ज्येष्ठ नागरिक ।*

*narayanshanti70@gmail.com*



# एक हुन नसक्दा कोइराला बिरासत सकिदै

*वीपी कोइरालाको कांग्रेसी बिरासत धान्ने दायित्व वीपी पुत्र सशांक कोइराला, नोना कोइराला पुत्र शेखर कोइराला र गिरिजापुत्री सुजाता कोइरालाको काँधमा थियो । शेरबहादुर देउवाको विश्वास गरेर, नगरेर उनीहरू ओल्लो किनार न पल्लो तीरका रूपमा रूमल्लिीइरहे । अन्ततः देउवालाई गगन थापाले उछिने । सुजाता यता न उता, सशांक गगनका पछि छन् भने शेखर कांग्रेसलाई सम्हाल्लान भन्दाभन्दै कुहिराका कागजस्तो बन्नपुगेका छन् । देउवा र गगनले कांग्रेसको झण्डा तानातान गर्दा पनि यी तीन कांग्रेस ढाडमा हाड नभएका प्राणीहरू तमासे बनेर बसेका छन् । वीपीको बिरासत लाग्छ, अब समाप्तितिर जाँदो छ ।*







'वानीरा फाउन्डेसनले सीताराम दाइ'को लोकार्पण गरेको छ । नेपाली साहित्यमा यो ऐतिहासिक कति हो ।

महासमालोचक प्रा.डा.वासुदेव त्रिपाठीले राजधानी काठमाडौँमा एक समारोह बीच नरेन्द्रराज प्रसाईद्वारा लिखित 'सीताराम दाइ' नामक निबन्धसङ्ग्रहको लोकार्पण गर्नुभएको हो । त्यस अवसरमा उहाँले 'सिद्धहस्त जीवनीकार, निबन्धकार तथा गीतकार नरेन्द्रराज प्रसाईबाट एकै व्यक्तिमाथि केन्द्रित भएर लेखिएको प्रस्तुत ग्रन्थलाई जीवनीकृति नै भने पनि हुन्छ' भन्नुभएको छ । वानीरा फाउन्डेसनद्वारा आयोजित उक्त अवसरमा प्रा.डा.भरतकुमार भट्टराईले 'सीताराम दाइ' नामक लामो निबन्ध कृतिको बृहत् समीक्षा गर्नुभयो । नइका अनुसार 'सीताराम दाइ' नइ एकेडेमीको १९४ औँ कृति हो भने नरेन्द्रराज प्रसाईको ९५औँ कृति हो । वानीरा फाउन्डेसनका अध्यक्ष इन्दिरा प्रसाईको सभापतित्वमा नव कृतिको लोकार्पण भएको हो ।




*डा.रेखा यादव 'निर्झर'द्वारा लिखित 'प्रश्न' (नेपाली र हिन्दी ) कथाकृति विशेष कार्यक्रमका बीच प्रज्ञा भवनमा लोकार्पण भएको छ । साहित्यिक पत्रकार संघका अध्यक्ष राधेश्याम लेकालीको सभापतित्वमा भएको कार्यक्रममा प्रमुख आमन्त्रित व्यक्तित्व पूर्व उपप्रधानमन्त्री उपेन्द्र यादव रहेका थिए । अन्य आमन्त्रित व्यक्तित्वहरूमा पूर्व मन्त्री शरतसिंह भण्डारी समालोचक प्रमोद प्रधान, प्रा.डा. विनोदकुमार विश्वकर्मा, पूर्व सांसद प्रकाश अधिकारी, डिल्लीराम शर्मा, पुस्तक प्रकाशक बलराम महतो, ओम मास्के तथा प्रदीप घिमिरे लगायतको उपस्थिति रहेको थियो । 'प्रश्न' कथाकृतिको मञ्चासीन व्यक्तित्वहरू लगायत सभाकक्षमा उपस्थित सबै साहित्यप्रेमीहरूबाट सामूहिक रूपमा लोकार्पण गरिएको हो । प्रमुख आमन्त्रित व्यक्तित्व पूर्व उपप्रधानमन्त्री उपेन्द्र यादवले के का लागि लेख्ने र कसका लागि लेख्ने भन्ने कुराको चर्चा गर्दै देशमा राजनीतिक परिवर्तन त भयो तर सामाजिक र आर्थिक परिवर्तन हुन नसकेको यथार्थ बताए । सामाजिक र आर्थिक लोकतन्त्र भएन भने राजनीतिक स्थायित्व पनि हुँदैन भन्दै उनले यसका लागि सामाजिक चेतना हुनु जरूरी भएको बताए ।*

## नेपालको इतिहासको दस्तावेज







## मलाई भुक्ने कुकुरले तिमीलाई चाट्दैन

मलाई भुक्ने कुकुरले तिमीलाई चाट्दैन
मलाई झम्ट्ने बाघले तिमीलाई म्वाई खादैन
याद राख मित्र कसैको स्वभाव परिवर्तन हुँदैन
मलाई प्रहार गर्नेले तिमीलाई शीरमा राख्दैन ।

**- राधेश्याम लेकाली**



यसपाली त निर्वाचन लडौं लडौं भा छ
भ्रष्टाचारी चुचुरोमा चडौं चढौं भा छ
चाकरी गरीगरी कति भुइँमा थचारिनु
यसपाली त हिम्मत गरी बढौं बढौं भा छ ।

**- मुक्तिनाथ शर्मा**



जिन्दगी सुखदुःखको झरी न हो स्वीकार रूझ्न सिक
को आफ्ना को पराई हुन् मनले सबैलाई बुझ्न सिक
सफल हुन्छौ लक्ष्य लिई निरन्तर यात्रा गरि राख,
समय परिवर्तनशील छ सङ्घर्षमा जुझ्न सिक ।

**- मिरा ज्ञवाली**



व्यक्तिगत स्वार्थ लिइ क्रान्तिमा जानेहरू
जनसेवाको दौरानमा चिप्ला कुरा लानेहरू
कामरेड कसरी क्रान्तिकारी हुनसक्छन् ती
आवरणमा देश देखाइ भित्र देशै खानेहरू ।

**- आविष्कार कला**



तिम्लाई खुसी मलाई यो पिर, जे सोचेको त्यही भयो
आफ्नो आफ्नो हुन्छ तग्दिर, जे सोचेको त्यही भयो
तिमी रूँदा आँसु पुच्थें, हाँस्दा हासो मिसाकै हो,
आफैं टाढा भयौ आखिर, जे सोचेको त्यही भयो ।

**- प्रेम कटवाल**



गरिव दुःखी अपाङ्ग असहायको गर्नु हुन्न हेला
ति दुःखी गरीब पनि काम लाग्लान् कुनै बेला
पैसा कमाउने चिज हो यत्ती बुझी राख्नुहोस्
घमण्डले एकदिन जिउँदै खाल्डोमा पुरी देला ।

**- पारस भट्ट प्यासी**



## अन्तर्मनका भाकाहरू

### (पुस्तक समीक्षा)


*अरूणबहादुर खत्री*

नेपाली साहित्यमा कविता विधामा कलम चलाउँदै आएकी साहित्यकार पिमला न्यौपानेको अन्तर्मनका भाकाहरू नामक कवितासङ्ग्रह पहिलो कृतिको रूपमा २०७९ सालमा प्रकाशित भएको छ । यो कवितासङ्ग्रहमा आफ्नै आँगन भुल्नेहरू, सधैँ बचाइराख्न, जन्मिँदाको खोट, किनेर खाने ठूलो हुँदैन लगायत विभिन्न शीर्षकका ३० वटा कविताहरू सङ्गृहीत छन् । यी सङ्गृहीत कविताहरूमध्येको एक कविता हो अन्तर्मनका भाकाहरू यही कविता नै यस कवितासङ्ग्रहको कभर पृष्ठमा प्रमुख पात्र बन्न पुगेको देखिन्छ । अन्तर्मनका भाकाहरू शीर्षकको कविताभित्र पुष्पपत्रहरूले ढपक्क ढाकिएको जस्तो रहस्यहरूले चौतर्फी बेरिएका असङ्ख्य भावहरूभन्दा बहानाका बोके आवरणमा अभिव्यक्ति गरिएका जेलिएका कैयौ झुटहरू कवयित्रीले लेखेकी छिन् ।

जन्मिँदै गरिब थियो रे भनी
ऊ हल्लैहल्लामा चिनिएको छ
ऊभन्दा उचाइमा रहनेहरूसँग
घोसेमुन्टो लगाउने गरेको छ ।

कवयित्री पिमलालाई साहित्य मन पर्छ साहित्यिक रचना लेखेर यसमै डुब्न उनी मन पराउँछिन् । खैलाबैला गरी लथालिङ्ग भएका भावनाहरूलाई एकत्रित गर्ने कसी हो साहित्य भन्ने कुरालाई उनले स्वयं मनन गरेकी छिन् । अनुभव र खुबी अलग-अलग भए पनि मानवीय तथा भावनात्मक शैलीहरूमा सामञ्जस्यता नै पाउन सकिन्छ । आफ्नै आँगन भुल्नेहरू शीर्षकको पहिलो कविताभित्र हल्लैहल्लाको सुर र तालहरूमा शक्ति र सन्देश छर्ने बहानामा भक्ति र भावका सर्त प्रदर्शन गर्दै आन्तरिक चलखेलमा बाजी मार्न लुकामारी गर्ने गतिजन्य छालहरू अति चतुरतासँगै फैलिन्छन् भनिएको छ । पिमलाले लेखेका कवितामा जीवनको ध्वनि छ । त्यस ध्वनिले आफ्नो माटो, संस्कार, सभ्यता र पसिनालाई बढी स्पर्श गरेको बोध हुन्छ कविता पढ्दै जाँदा । उनले लेखेका कविताहरू मार्मिक, सुन्दर र प्रभावशाली छन् । शैलीमा निजत्व प्रवाहित रहेको पाइन्छ भने चिन्तन पक्ष विशेष देखिन्छ । कविताहरू प्रतिकात्मक छन् । प्राकृतिक र सांस्कृतिक बिम्बहरूले कवितालाई रोचक बनाएको छ ।




उज्ज्वल मुहार हेर्न
लालायित ती दृष्टिहरू
अरूमा आफू देख्न
सजाइएका आत्मिक सद्भावहरू
जोगाएर राख्नू
किनकि
भोलि आउन बाँकी नै छ ।

गरेर खाने सानो हुँदैन शक्ति प्रदत्त शरीर छँदा पौरख गर्ने पाखो पखेरा छ बसेर मात्र फलिफाप हुँदैन बाबै किनेर खाने ठूलो हुँदैन शीर्षकको कवितामा कवयित्री पिमलाले लेखेकी छिन् । कवयित्री पिमलाले सिर्जना गरेका कविताहरू यस कृतिभित्र बेजोडले कुदिरहेको देख्न पाइन्छ । कविको मन अत्यन्त कोमल हुन्छ, संवेदनशील हुन्छ त्यसैले ऊ सूक्ष्मभन्दा सूक्ष्म कुराहरूलाई नजिकबाट नियाल्न सक्छ । त्यसैले उसले कविता लेख्न सक्छ । कवयित्री पिमलाले इमान्दारीपूर्वक निर्भीकताका साथ आफ्नो सभ्यता र संस्कृतिका साथै यावत् जीवनको जटिलतम गूढ रहस्यलाई प्रकृति, कला, विचारको माध्यमबाट सशक्त रूपमा अभिव्यक्ति दिएकी छिन् । उनले लेखेका कविताहरू स्तरीय र तिख्खर बन्दै गरेका छन् । हजारौंको भीडमा उनै आमाको लेखाजोखा हुनै पाएको छैन रे सोधीखोजी गर्न भ्याएकै छैनन् रे ! मूल्यवान आमा शीर्षकको कवितामा पिमलाले लेखेकी छिन् । अधिकांश कविताहरूमा प्रकृति प्रेम झल्कन्छन् ।

कालो मोहडा पार्दै
लड्खडाउँदै किन बजारिन्छौँ हँ ?
तिमीलाई के थाहा !
हेर !

परिवेशले हारेको बेला शीर्षकको कवितामा विशाल ताँती मानवसागरका ती जमात हुँदै कुना काप्चामा टुटेका आत्माहरूको खेलजस्तै छटपटाहटको दत चालहरूमा लखतरान परेको बेला सहारा दिएर उठाउने तिमी नै थियौ भनेर कवयित्रीले लेखेकी छिन् । कवयित्री पिमलाको यस कवितासङ्ग्रहमा राष्ट्रप्रेम, प्रकृति, जीवन र जगत्को काव्यात्मक प्रस्फुटनको सुन्दर बान्कीहरू पढ्न पाइन्छ । सन्तान शीर्षकको कवितामा मसँग कुनै नयाँ उपहार छैन त्यो तिमीलाई सुम्पिनका लागि जे थियो त्यो सबै बुझाइसकेँ भनिएको छ ।

कवयित्री पिमलाको हृदय भावुक छ । पिमलाको यो सरल तर गहन कवितासङ्ग्रहभित्रका कवितामा मानव र प्रकृति बीचको अन्तरङ्ग सम्बन्धदेखि सामाजिक विभेदको यथार्थता पाउन सकिन्छ । नारी आस्था शीर्षकको कवितामा आफ्नो बहादुरीले ढपक्क छोपेको माया साँच्दै अनि फैलाउँदै देशबिदेशका सन्देशहरू बटुल्दै गरेकी उनको राहदानीमा पैचान बिगार्दा बिगार्दै पनि शब्द र स्वरूप अलग परेको छ भनिएको छ । कवयित्री पिमलाका कविताहरू भावनात्मक मात्र छैनन्, जीवन र जगत्को वास्तविक छवि चित्राङ्कनमा जति सक्षम छन् त्यति नै प्रयोगका दृष्टिले पनि बेजोड र सशक्त छन् । पिमला न्यौपाने काव्यिक जगत्मा उदयीमान सर्जक हुन् । उनका समकालीन केही कविताहरू समय सान्दर्भिक र वलवान् देखिन्छन् । साँच्चै भन्ने हो भने पिमलाद्वारा लेखिएका कविताहरूको भाषा सरल छ । सरल शब्दमा उनिएका कविताहरू पढ्नमा जति सजिलो हुन्छ त्यसैगरी बुझ्न समेत कठिनाइ पर्दैन भन्ने भनाई पाठक वर्गको देखिन आउँछ । अन्त्यमा उनका अन्य राम्रा राम्रा कविता सङ्ग्रह थपिदै जाओस् भन्न चाहन्छु ।

कृतिकार: पिमला न्यौपाने
संस्करण: पहिलो, वि.सं.२०७९ मूल्य: रू.१७५।-
पृष्ठ: ८८
प्रकाशक: समकालीन साहित्य प्रतिष्ठान, बेलायत
कृति: अन्तर्मनका भाकाहरू (कवितासङ्ग्रह)





| | | |
|---|---|---|
| सम्पादक/प्रकाशक | | राजन कार्की |
| Editor/Publisher | | Rajan Karki |
| सह-सम्पादक | : | शाश्वत शर्मा |
| अनलाइन प्रविधि | : | उत्तम राज |
| कानुनी सल्लाहकार | : | शिवप्रसाद सिग्देल |
| मुख्य व्यवस्थापक | : | कृष्णकुमार कार्की |
| व्यवस्थापक | : | दिलकुमार कार्की |
| मुद्रण | : | तारा प्रिन्टर्स, कलंकी |

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np





## राष्ट्रसंघमा नेपाललाई विश्वले सुन्यो

राजा महेन्द्र, वीरेन्द्रकालमा विश्वले नेपाल के बोल्छ भनेर कान ठाडो पारेर सुन्ने गर्थ्यो । बहुदल आएपछि नेपालको आवाज सुन्न छाड्यो विश्वले । दिल्लीको चस्माले हेरे पुग्नेभएपछि नेपालले के बोल्छ ? भनेर चासो राख्नुको औचित्य नै समाप्त भएको थियो । बहुदल र लोकतन्त्रकालका प्रधानमन्त्रीहरू हरेक वर्ष राष्ट्रसंघ जान्थे, जन्ती गएजसरी जान्थे र भत्तेर खाएर फर्कन्थे । अमेरिकी राष्ट्रपतिसँग फोटो खिचाउनका लागि जान्थे र फर्केपछि त्यही फोटोको बखान गर्थे, के के न गरें भनेर आत्मरतीमा रमाउने गर्थे । नेपाली जनताको आँखामा छारो हाल्ने र स्वार्थ पूरा गर्ने गरेकै कारण नेपाल दण्डहीन मुलुकका रूपमा बदनाम भयो, नेपाल नागरिक बेच्ने, रातो पासपोर्ट बेच्ने,मानवबेचबिखन गर्ने मुलुकका रूपमा बदनाम भयो । शासन प्रशासनमा भ्रष्टाचार मात्र गर्ने भएकाले दाताहरूले आर्थिक सहयोग दिनसमेत हिचकिचाउने, सहयोग घटाउँदै जान थालेका थिए । यही सबै देखेर अमेरिकी राष्ट्रपति ट्रम्पले फ्रड भनेर नेपाली नेताहरूमाथि आक्षेप नै लगाए । कुनै नेताले हामी फ्रड होइनौं भनेर प्रतिवाद गर्न, प्रष्टिकरण दिन सकेको देखिएन ।

जो स्थापित थिए, ती सबैले चुनाव हारे, जनताले तिनलाई डाँडा कटाइदिए । परिवर्तनका लागि ७६ भन्दा बढी जेनजी पुस्ताले ज्यान दिए । परिवर्तन गर्छु भनेर बालेन साहले चुनाव जिते । ३५ वर्षको युवाले ऐतिहासिक जनसमर्थन पाएको देखेर विश्वभरि बालेन साहको चर्चा भयो । बालेन साहले के गर्लान् भन्ने चासो बढिरहेका बेलामा बालेन साह राष्ट्रसंघको बैठकमा सहभागी हुनपुगे । तुफानी रूपमा राष्ट्रसंघ पुगेर अभिव्यक्ति दिएपछि तुफानी रूपमै नेपाल फर्किएर पीडामा रहेका जनताको सेवामा जुटेका छन् । बालेनले राष्ट्रसंघमा जलवायु परिवर्तनले जुन तरिकाले नेपाललाई आपद् विपद्मा पारेर लछार्‍यो, हजारौंको ज्यान लियो, पूर्वाधार नष्ट पारिदियो, त्यसको मर्मस्पर्सी रूपमा राष्ट्रसंघको मञ्चबाट विश्वलाई सावधान गराउने काम गरेका छन् नेपालका प्रम बालेन साहले । उनले हात फैलाएनन् तर जलवायु परिवर्तनको जिम्मेवार विश्व रहेको र त्यसको महगो मूल्य नेपालले चुकाएको बताएका छन् । यतिमात्र होइन, आफ्नो अभिव्यक्तिको अन्तमा नेपाली भाषामै “पशुपतिनाथले बिश्वको कल्याण गरून्, बिश्व बुद्धले देखाएको बाटोमा हिंड्न सकोस् ।’ भनेर जुन सन्देश दिएर प्रम बालेन फर्केका छन्, यो सन्देशको सुनामी हिमनदी फुटेर भोटेकोशीले मच्चाएको वितण्डाभन्दा बढी फैलिरहेको छ ।

प्रम बालेन साहले हिनकूश हिमाली श्रृखला र भारत खण्डमा बसोबास गर्ने २ अरवभन्दा बढी मानिसले पिउने पानीको विषयको उठान र विश्व सावधान नहुने हो भने वातावरण, जलवायु परिवर्तन र पानीकै कारण विश्वयुद्ध हुनसक्ने संकेत पनि गरेर फर्किएका छन् नेपालका प्रम बालेन साह । राजतन्त्रको अन्त्यपछि पहिलोपल्ट युवा प्रम बालेन साहले नेपालीहरू यति बुद्धिमान, यति गम्भीर र यतिसम्मको गहिरो विचार पनि राख्न सक्छन् भनेर विश्वलाई चिनारी दिएका छन् । र, बालेन साहले सन्देश दिएका छन्- नेपाल अहिले औपचारिक रूपमा हिन्दू राष्ट्र नभएपनि ( धर्मनिरपेक्ष) हिन्दू धर्म राष्ट्र हो, गौतम बुद्ध नेपालमा जन्मिएका हुन, शान्ति हाम्रो पहिलो प्राथमिकता हो । बिश्वले हाम्रा गौतम बुद्धको शान्तिको बाटो अपनाओस् ।

यति चमत्कारिक अभिव्यक्ति र करिस्म्याटिक व्यक्तित्वको सम्मान स्थापित गरेर प्रधानमन्त्री फर्कदा पनि टिकाटिप्पणी गर्नेहरू थाकेका छैनन् । अब त बालेनलाई साह दिएर राष्ट्र निर्माणमा सबैको सहमति खोज्न र कम्तिमा ५ वर्ष यो सरकारलाई काम गर्न दिएर शान्ति, समृद्धि, सुशासनका लागि सबै दलले हातेमालो गर्दा हुनेथियो । तर राजनीतिका लागि राजनीति गर्ने, स्वार्थशिद्ध गर्न राजनीति गर्नेहरूको घैंटोमा घाम लागेन । बालेनको खुट्टा तान्न पाए, रास्वपालाई टुक्र्याउन पाए आफू पुनः राज्यसत्तामा रजगज गर्न पाइन्थ्यो भनेर लागिपर्ने बुढा नेताहरू आआफ्ना पार्टीको लगाम समातेरै बसेका छन् । समयले पुस्तान्तरण र नेतृत्व हस्तान्तरणको आवाज उठायो, नसुन्दा जेनजी बिद्रोह हुनपुग्यो, चुनावमा करारी हार खानुपर्‍यो । आर्यघाट जाँदा पनि नेतृत्वमै रहन चाहनेहरूले समयको खबरदारी बुझेनन् । जनताले नकारेको विषयमा पनि सहमत नहुनेहरू लोकतन्त्रवादी हुनै सक्दैनन्, यिनीहरू त लोकतन्त्रमा लागेको ऐंजेरू हुन् । भन्नु यत्ति छ, राजनीति गर्नेहर सम्हालिउन् ।

# सरकार ढाल्ने र ०७९ को संसद ब्यूँताउने ?




बालेन सरकार ढाल्ने, रास्वपालाई जिल्याउने र ०७९ को संसद ब्यूँताउने भित्री षडयन्त्रको जालो पूर्वप्रधानन्यायाधीश चोलेन्द्र शमशेरको १० घण्टा पक्राउ र २ घण्टा केरकार तथा कागजमा सही गरेर छाडिएको प्रसङ्ग जोडेर राजनीतिक र कूटनीतिक बृत्तमा चर्चा बाक्लै चुलिएको सुनिन्छ ।

यतिबिघ्न खतरनाक षडयन्त्र भनेको अर्को राजनीतिक भोटेकोशीको बाढीको विपद् निम्त्याउने साजिस हो । यो साजिसमा पूर्वप्रम देउवादेखि पूर्व अन्य प्रधानन्यायाधीशसमेत संलग्न भएको धेरैको भनाइरहेको छ । यतिसम्मको खतरनाक खेल राजनीतिमा हुनसक्छ भनेर चिताउन र अनुमान गर्न गाह्रो छ ।

जेनजी बिद्रोहले स्थापित पुराना दलहरू र नेताहरूको जुन तरिकाले सातो खाइदियो, त्यसपछि सत्ता र शक्तिबाट एकैपल्ट भुइँमा पछारिएका थिए । उनीहरू अन्तरिम सरकार बन्दा होसमा थिएनन्, चुनाव हुँदा होसमा त थिए, बोल्न सक्ने स्थितिमा रहेनन्, चुनावपछि रास्वपाले पाएको ऐतिहासिक दुई तिहाईको बहुमत देखेर जिल्लाराम परेका थिए ।

रास्वपाको चुनावी जित र बालेनको उदयले पुराना नेताहरू आक्रोसित छन् ।

जेनजी विद्रोह, चुनाव र त्यसपछि बन्यो, बालेन साहको सरकार । केही हप्ता इन्तु न चिन्तु भएका पुराना दलका केही प्रतिनिधि जो प्रतिपक्षीमा टाक्सिन, खुम्चिन पुगेका थिए, तिनले बिस्तारै बालेन सरकारको आलोचना गर्न थाले । जब बालेन साहले जेठ १७ गते सीमा समस्याबारे बोले, भारतले मात्र होइन, नेपालले पनि भारतको सीमा मिचेको थाहा पाएको बताए र सीमा समस्या भारतसँग बसेर, छलफल गरेर समाधान गर्ने विषयको उठान गरे । तब प्रतिपक्षीले प्रधानमन्त्री बालेनलाई सय दिनको हनिमून समय पनि दिएनन् । संसद, सडकमा हल्लीखल्ली गरेर बालेन साह सरकारको आलोचना गरे- नेपालले कहाँ मिच्यो भारतको भूमि भन्न थाले । आधा कुरा गरेर प्रम बालेनको जिब्रो थुत्ने प्रयत्न गरिरहेका छन् । षडयन्त्र जारी छ ।

भदौ १० गते को भोटेकोशीको बाढीले जुन तरिकाले जनजीवन र अर्थतन्त्र तथा पूर्वाधार ध्वस्त पार्ने गरेर विपद् ल्याइदियो । त्यसबारे संसदमा पुगेर प्रम बालेन साहले भनेका थिए- उद्धार गर्ने प्रयास भइरहेको छ । यसप्रकारको बाढीको प्रकोपबाट उद्धार गर्ने प्रविधि विश्वमै नभएको र नेपालसँग पनि छैन भन्दै सेना, सशस्त्र, प्रहरीका माध्यमबाट उद्धार, राहत गरिरहेको बताए । फेरि विपक्षी दलले प्रम बालेनको जिब्रो समात्दै किन छैन विश्वमा त्यस्तो प्रविधि भनेर आलोचना गरे । विश्वभरि जहाँ जहाँ यसखालको प्राकृतिक विपद् पर्छ, त्यहाँ त्यहाँ उद्धारमा खटिएका विदेशीले समेत यस प्रकारको बाढीको प्रकोप नदेखेको बताएका छन् । जेहोस्, विपक्षी दलहरू जसरी पनि बालेन सरकारलाइ ढाल्न र बालेन सरकार विरूद्ध जनता उचालेर सडकमा उफार्न खोजिरहेका छन् ।

यसैवीच प्रचण्डजस्ता अतिवादी कम्युनिष्ट जसले माओवाद त्यागेर नेकपा खोलेका छन्, उनले प्रतिपक्षीहरूलाई एक ठाउँमा भेला गराएर दशैं तिहारपछि सरकारविरूद्ध सडकमा आगो बाल्ने उद्घोष गरेका छन् । देश संकटमा छ, कसरी यो संकटबाट पार पाउने, स्थिरता, शान्ति र पुननिर्माणमा लाग्ने भन्ने सोच विपक्षीको छँदैछैन । एकबुँदे एजेण्डा बोकेका छन् विपक्षीले, जसरी पनि बालेन सरकार ढाल्ने, रास्वपालाई खण्डित पारिदिने । अर्थात् नेपाली राजनीतिको नयाँ परिदृश्य देखिएको छ- बालेनलाई ढाल्न खोज्ने ढल्छन् कि बालेन ढल्छन् ?

सरकारको कृयाकलाप हेर्दा प्रधानमन्त्री बालेन साह यति मजबुत भएर उभिएका छन् कि उनी जसरी पनि नेपालमा शान्ति सुव्यवस्था, सुशासन र समृद्धि ल्याउँछु भन्छन् । बालेनको सबैभन्दा ठूलो शक्ति जनताले दिएको अपार विश्वासको मत र बालेनमा रहेको इमान । बालेनले भ्रष्टाचार गर्‍यो भन्न कसैले सकेका छैनन् । हो, बालेन विश्वमै ३६ वर्षे युवा हुन्, जेनजी विद्रोहबाट जन्मेको नेतृत्व हो, उनको काँधमा जेनजी शहिदको सपना पूरा गर्ने दायित्व छ, सुशासन स्थापित गराउनु छ ।

आश्चर्य त के देखियो भने जेनजी बिद्रोहले २७ घण्टामा भ्रष्टाचारमय बनेको लोकतान्त्रिक गणतन्त्रको जरो किलो नै उखेल्यो, सुशासन अझै रोपियन, कहिले रोप्ने, कहिले फल्ने बालेन ? रास्वपाका सभापति रवि लामिछानेले जनताका माझ उभिएर भनेका थिए- आमा, बालेनले देश बनाउँछ । चुनावी घोषणापत्र र जनतासँग करार गरेकै हो । वर्तमानको यक्ष प्रश्न हो, जनताको अपेक्षा कहिले पूरा हुने ?

चार दशकदेखि संगठितहरू तितरबितर भए, रवि र बालेनको रास्वपाले दुई तिहाई सिट जित्न सफल भयो । त्यो जित परिवर्तनमा देखिनुपर्ने हो । सत्ता बदलियो, जनजीवन बदलिएन । कसले रोक्यो रास्वपालाई, रवि र बालेनलाई । परिवर्तन देखाउने जिम्मेवारी पूरा गर, जवाफदेहीता देखाउ ।

जेनजी विद्रोह भएको वर्षदिनमा ७६ शहिदलाई सम्झेर, श्रद्धाञ्जली दिएर पुग्छ ? शहिदका सपना साकार नभएसम्म गोहीको आँसु बगाएर केही हुन्न । परिवर्तनका लागि बालेनलाई जिताएको हो, परिवर्तन कहाँ छ बालेन ? कर्मकाण्डतिर होइन, यथार्थ देखाउनुपर्छ ।

अति भएको थियो, जेनजी विद्रोहको जगमा पद्धतिगत छटपटी, भविष्यप्रतिको चिन्ताले राजनीतिक गतिलाई यूटर्न जनताले गरेका हुन् । जनता जागेकाले भ्रष्टाचारका किल्लाहरू ध्वस्त भएका हुन् । घरघरमा पीडा थिए, छन् । देशमा गरिखान पाइएन भन्ने युवाको गुनासो छ । विश्वका सामु जनताले इतिहास रचे, त्यो इतिहासका अर्जुन बालेन तिमी हौ । तिम्रो पौरख, सूरवीरता खोई ? समय नघर्कियोस्, बिस्कुन सुकाउने घाम लागेकै बेलामा हो । जुनेली रातमा बिस्कुन सुकाउनु भनेको पुर्पुरोमा हात राखेर पछुताउनुमात्र हुनेछ । जसरी पुरानाहरू आज पछुताइरहेका छन् । रास्वपाले राजनीतिक धारलाई बदल्नुपर्छ । जेनजी विद्रोहकै कारण देशको राजनीतिको केन्द्रमा युवा छन् । जुनसुकै पार्टी होस्, ती पार्टीको केन्द्रमा पनि युवा छन् । युवाआवाज अब दबाएर दबिन सक्दैन । परिवर्तनको जनअपेक्षा रवि र बालेनसँग छ । जनताले, जेनजीले महगो मूल्य चुकाइसके । अब परिवर्तन गर्ने, यथास्थिति बदल्ने, नयाँ राजनीतिक पद्धति बसाल्ने जिम्मेवारी रवि र बालेनकै काँधमा छ ।

अहिलेको बालेन सरकारका सामु एउटै यक्ष प्रश्न छ : राजनीति र सुशासन, शान्ति र सम्बृद्धिको नयाँ खाका कोर्ने । क्षमता देखाउने । बालेन जनताले सोधिरहेका छन्, परिवर्तन चाहियो । परिवर्तन खोई भन्नु नपरोस् । काम गर, छिटो गर । समयले कसैलाई पर्खदैन ।

वर्षदिनमा भदौ २३ गते जेनजीलाई श्रद्धाञ्जली दिनु परिवर्तन होइन । सहादत भएका जेनजीले फूलमाला, भाषण खोजेका छैनन्, परिवर्तन देखाउन सके जेनजीको त्याग सफल भएको ठानिने छ । कुनै पनि जेनजीको दिमागमा निराशा देखिनु नपरोस् ।

चार दशकदेखि सत्तामा जुका बनेर बसेकाहरूको साम्राज्य ढाल्न सक्ने जेनजीको प्रेरणामा बालेन सरकारले परिवर्तन दिन्छ दिन्छ । स्मरणरहोस्, एक वर्षमा जेनजी आन्दोलनले सरकार परिवर्तन गरायो, अन्तरिम सरकार जन्मायो, अग्रिम निर्वाचनको बाटो खोल्यो र नयाँ राजनीतिक शक्तिलाई सत्तामा पुर्‍यायो । तर आन्दोलनका मूल सवाल भ्रष्टाचार नियन्त्रण, सुशासन, राजनीतिक जवाफदेहिता र राज्य सञ्चालनको शैलीमा परिवर्तन ल्याउने जवाफ पूरा भएको छैन । अग्निपरीक्षा चलिरहेको छ, सफल हुनुपर्छ । अन्यथा पुराना र नयाँमा के भिन्नता बाँकी रहन्छ र ? ७६ जना जेनजी पुस्ताले ज्यान दिएर आएको हो यो परिवर्तन । परिवर्तनको यो एकवर्षमा अन्तरिम सरकार, चुनाव र चुनावपछि बालेन सरकार देखियो । सरकार परिवर्तन हुनु ठूलो कुरा होइन, यथार्थमा जेनजीको सपना पूरा हुनुपर्छ ।

जन्मेपछि मान्छे मर्छन्, वर्ष वर्ष दिनमा सराध्ये गरिन्छ । पिण्डो दिइन्छ । यसको अर्थ सम्झना गरिन्छ । हामीले असल शिक्षा लियौं कि लिएनौं भन्ने हो । जेनजी पुस्ताले बिद्रोह गर्नुपर्ने कारण के के थिए ? ती जेनजीले सिकाएका र दिएका सन्देशहरू हामीले कति अमल गर्‍यौं, महत्वपूर्ण प्रश्न यो हो । जेनजी पुस्ताले शिक्षा, स्वास्थ्य, आधारभूत आवश्यकताको सहज परिपूर्ति, भ्रष्टाचारको अन्त, भ्रष्टाचारीमाथि कारवाही, सुशासनको प्रत्याभूतिका लागि बिद्रोह गरेका थिए । रास्वपाले पाएको ऐतिहासिक जनादेश र बालेन साह प्रधानमन्त्री बनेको तिनै जेनजीका सपना पूरा गर्न हो । सपना कति पूरा भयो, कति पूरा हुँदैछन् । कहिलेसम्म पूरा हुनेछन् ?

जेनजी विद्रोहको कारण कुशासन र भ्रष्टाचार हो । कुशासनका खम्बाहरू प्रचण्ड, ओली, देउवा, माधव, बाबुरामहरूले सजाय पाएका छैनन् । काई बनेर रहेका भ्रष्टहरू, कुडाकरकट सफाइ गर्नुपर्ने छ । यसमा पनि काम भइरहेको छ । नतिजा आइसकेको छैन । हिजो लुकेका, भागेकाहरू आज टाउको उठाउँदैछन् । सरकारको बिरोध गर्दैछन् । यिनले फेरि पनि डस्न सक्छन्, डस्ने क्रम नै हो, बालेनको तीब्र आलोचना ।

बिद्रोह, जेनजी पुस्ताले परिवर्तनको शंखघोष थियो । भ्रष्टाचार र कूशासन विरूद्धको जेनजी विद्रोह, यतिठूलो त्रासदीपूर्ण घटना थियो कि विश्व चकित पर्‍यो । सबैको प्रतिकृया थियो- अब नेपालमा सुशासन आउँछ, सभ्यता बस्छ । यी लक्ष्य हासिल गर्न बालेनको ढाडमा हाड देखिनैपर्छ । देखिदैछ । राजनीतिक विवादको अन्त्य, स्थिरता, सुशासन, भ्रष्टाचारको अन्त गर्न राजासहितका सबै शक्तिहरूसँग संवाद, सहमति र सहकार्य गरेर संविधान संशोधन गरेर पद्धतिलाई जनजीवनमा ढाल्नैपर्छ । जनताले अपनत्व नलिएको कुनै पद्धति टिकाउ हुँदैन ।

यसकारण बालेन ढाल्न खोज्नेहरूलाई ढाल्नुपर्छ । ०७९ को संसद ब्यूँताउन खोज्नेहरूलाई असफल पार्नुपर्छ । भ्रष्टाचारीहरूको एक एक फाइल खोलेर कारवाही अगाडि बढाउनु पर्छ । जबसम्म भ्रष्टहरूमाथि कारवाही हुने छैन, भ्रष्टहरूले यसैगरी षडयन्त्रको जालो बुनिरहनेछन्, जनादेशको अवमान्ना गरेर सरकार र रास्वपालाई असफल पार्ने प्रयत्न गरिरहनेछन् । बालेन अर्थात इमान जमान उभिनुपर्छ । नीति, निष्ठा र सुशासन देखिनुपर्छ । सिद्धान्तहीनताको अन्त हुनुपर्छ । राजनीति समाज बदल्ने औजार बन्नुपर्छ । लूटतन्त्रको अन्त र देशले खोजेको परिवर्तन यही हुनेछ ।



# श्री ५ महेन्द्र (नेपालका राजाको महत्व)




राजा श्री ५ महेन्द्रको नाम लिनासाथ उनको प्रज्ज्वल व्यक्तित्वका अनेक रूप हाम्रा आँखाअघि आउँछन्- राष्ट्रियताका सजग प्रहरी, हिम्मती राजनेता, विश्वका एक अति निपुण राजनीतिज्ञ, पञ्चायती प्रजातन्त्रका प्रबल प्रवर्तक, राष्ट्रिय मामलाका आत्मनिष्ठ अभिभावक, अति संवेदनशील कवि, प्रतिभा सम्पन्न, प्रजाप्रेमी, प्रजापति र एक प्रचण्ड प्रतापी भूपति !

राजा महेन्द्रले तीन थोक चाहेका थिए । पहिलो नेपालको हित, दोस्रो नेपालको हित र तेस्रो नेपालको हित । उनी विश्वका अन्तरकुन्तर घुमे तर उनको मायाले कहिल्यै नेपाली पहाड नाघेन । उनको निम्ति स्वदेश नै विश्व थियो, विपना थियो, सत्य थियो, एक खँदिलो अस्तित्व थियो । उनलाई 'पहाडका गर्खागर्खा', 'तर्राईका गरागरा', 'डाँडा, जल, पहरा, साल, सल्लो गुराँस' मन पर्थ्यो । उनलाई सुनौला साँझमा नेपाली बादलमाथि तितरी पङ्क्षी उडेको, जुनेली रातमा कलकल गरी खोला बगेको, हरियो डाँडामा निर्मल झरना झरेको र रूपौला रङ्गको उच्च हिमाल टल्केको हेर्न मन पर्थ्यो । त्यति मात्र होइन उनले विश्वकै सौन्दर्य आफ्नै देशमा समेटिएको पनि देखे ।

महेन्द्र एक राजा हुन् जसले विश्वको नजरमा नेपालको इज्जतलाई शिखरमा पुऱ्याए । उनले देशविदेश भ्रमण गरे अनि जुनजुन भूमिमा पाइला टेके, त्यहाँका भूमिपुत्रहरूले उनको मुक्त हृदयले स्वागत गरे, मुक्त कण्ठले प्रशंसा गरे । महारानी एलिजावेथ द्वितीयाले स्वागत गर्दै उनीसित प्रेमपूर्वक हात मिलाउँथिन्, पण्डित नेहरू उनीसित हातेमालो गर्दै हिँड्थे, अमेरिकी सांसादहरू उनको सौम्य मुहार देखेर मख्ख पर्थे, क्रुश्चेवले भोजमा उनीसित दुईचार ख्यालठट्टा गर्थे, चाउ एनलाइले उनका कुरा आदरसाथ सुन्थे, टीटो र नासेरले उनीसित आत्मीयता बाँड्थे । अन्तरार्ष्ट्रिय पटभूमिमा उनले छोडेका यी सुन्दर बिम्बहरू थिए ।

राजा महेन्द्र कवि हुन् अनि एक उच्चकोटीका कवि हुन् । कविताकै क्षेत्रमा पनि उनी महान् छन् । उनका कविताहरूले धेरैपल्ट मेरा आँखा रसाएका छन्:

कोही धनी असाद्धे
कोही गरीब माग्ने
सक्तिन देख्न भन्छिन्
सन्तान थरी थरीका ।

कवि महेन्द्रले देशमा भयानक गरिबी देखे, जनता भोखानाङ्गा देखे अनि कविता लेखे । जब कविले आत्माको पुकार सुन्छन्, तब कवि इमान्दार हुन्छन् । अघि बेलायतमा भयङ्कर दरिद्रता थियो, प्रत्येक ओठमा वेदनाको सुस्केरा थियो, प्रत्येक अनुहारमा व्यथाको लहर थियो । यो कुरा विलियम ब्लेकले देखे अनि 'लण्डन' भन्ने कविता लेखे । महेन्द्र जस्तै संवेदनशील कवि अरू पनि हुन सक्छन् तर महेन्द्र जस्तै संवेदनशील व्यक्तित्व अरू मैले देखेको छैन ।

श्री ५ महेन्द्रवीरविक्रम शाहदेवको जन्म नारायणहिटी दरबारमा भएको थियो । त्यो दिन थियो १९२० को ११ जून । राजदरबारमा हर्ष र उल्लास थियो । पिता त्रिभुवनवीरविक्रम शाहदेव र माता कान्तिराज्यलक्ष्मीदेवीको प्रसन्नताको पारावार थिएन । युवराज महेन्द्र राजकीय परिवेशमा हुर्कन थाले । विज्ञ राजगुरूहरूले उनको अघि पूर्व र पश्चिमका ज्ञान र विज्ञानका ढुकुटी खोलिदिए । उनी नेपाली, अङ्ग्रेजी, संस्कृति साहित्यको संसारमा रम्न थाले । अङ्ग्रेजी र नेपाली कविका कविता कानमा आनन्द विभोर भएर विचरण गर्न थाले । सङ्गीतमा पनि दक्षता हासिल गरे । घोडा चढ्न शिकार खेल्नुमा पनि उत्तिकै निपुणता प्राप्त गरे अर्थात् उनले सम्पूर्ण राजोचित कला र कौशल आर्जन गरे । बीस वर्षको उमेरमा उनले बिहे गरे । युवराज्ञी इन्द्रराज्यलक्ष्मीदेवी थिइन् अति सुन्दरी, अति रमणीय, सरस्वती जस्ती सौम्य मूर्ति । युवराज महेन्द्रले वैवाहिक प्रेमको परमानन्द उपभोग गरे । उनको प्रेम अविच्छिन्न थियो, अटल थियो:

मन मन्दिरकी रानी
अब छमछम गर्दै आऊ
म स्वागत गर्छ तिम्रो !

तर विधिको विडम्बना विचित्र छ । उनकी परीजस्ती अति सुन्दरी युवराज्ञी इन्द्र मरिन् । महेन्द्रमाथि यो वज्रपात थियो, कुठाराघात थियो । अनि उनले आँसुले कविता लेखे-

तिमी ज्यान हौ यो जीउको
तिमी प्राण जिन्दगीको ।

पछि महेन्द्रले युवराज्ञी इन्द्रकी बहिनी रत्नराज्यलक्ष्मी शाहलाई बिहे गरे । कविका आँखामा उनी मात्र सान्त्वनाकी मूर्ति हुन सक्थिन् ।

रानी रत्न पनि युवराज्ञी इन्द्रजस्तै परम सुन्दरी थिइन् । उनी साँच्चै सौन्दर्यकी साम्राज्ञी थिइन् । कृष्णमूर्ति लेख्छन्- 'महारानी रत्नराज्यलक्ष्मी आर्य नारीत्वको प्रतीकस्वरूप पुष्प हुन् । पूर्वका मुलुकहरूमा उनी सबभन्दा सुन्दरी महारानी हुन् । उनको रूपरङ्ग जतिको सौम्य छ, हृदय पनि उत्तिकै पवित्र छ ।' उनी राजा महेन्द्रकी अर्धाङ्गिनी थिइन्, सुखदु:खको सङ्गिनी थिइन्, सर्वस्व थिइन् । राजा सुन थिए, उनी सुगन्ध थिइन् । मलाई लाग्छ राजा महेन्द्रले 'उसैको लागि' युवराज्ञी इन्द्रलाई समर्पित गरेका हुन् भने 'फेरि उसैको लागि' रत्नलाई अर्पित गरेका हुन् ।

सन् १९५६ मा राजा महेन्द्रको राज्याभिषेक समारोह सम्पन्न भयो । नेपालीहरूको निम्ति अति प्यारो, अति श्रद्धाको विषय केही छ भने त्यो हो राज्याभिषेक । कुनाकुनाबाट नेपालीहरू राजधानीमा ओइरिन थाले । विश्वका पन्ध्र मित्रराष्ट्रहरूका प्रतिष्ठित प्रतिनिधिहरू काठमाडौंमा आए । त्यस विशिष्ट मण्डलीलाई प्रज्वलित पार्ने भारतका डाक्टर राधाकृष्णन् थिए जो स्वयम् एक विशाल व्यक्तित्व हुन्, एक विज्ञ विद्वान् पनि । राजा महेन्द्रको राज्याभिषेक त्यस वर्षो सबभन्दा चर्चित अन्तर्राष्ट्रिय घटना थियो ।

अब राष्ट्रपिता त्रिभुवनको सपना साकार पार्न राजा महेन्द्र अघि बढे । १९६० मा उनले आम चुनाउ गराए । अठार महिनासम्म उनले सरकार चलेको हेरे, नेताहरूको चहलपहल देखे अनि जनताको आचरण पनि बुझे । प्रजातन्त्रको किल्ला तब सुरक्षित हुन्छ जब जनताले डर फाल्छन्, कर्तव्यको पालन गर्छन् र साहस प्रदर्शन गर्छन् ।

तिम्रै हो लेऊ नागरिक हक, काँधमा काँधै गरी
सत्यता तिम्रो छ हतियार, डर नलेऊ क्यै कति !

अनि राजा महेन्द्रको निम्ति सत्य नै धर्म थियो । सेनेका भन्छन्- 'राजाले डर मान्नु हुँदैन ।'

अभयं अभित्राद अभयं मित्राद !

एकान्तमा बसेर महेन्द्रले सोचे होलान् देशमा अझै पनि प्रजातान्त्रिक मिजास आएको छैन । फेरि उनले जनताका खलबल सुने होलान् । पिताको आज्ञा थियो:

जन आवाज सुनी सबै कामकाज गर्ने गर्नू ।

राजा महेन्द्रले सरकार र संसद् भङ्ग गरे । १९६० को १५ डिसेम्बरमा नेपालको राजनैतिक मैदानमा महेन्द्रको एक्लो अधिपत्य थियो ।

वयं राष्ट्रे जागृयाम पुरोहित !

राजा महेन्द्रले आफ्ना नातागोता, भाइभारदार लिएर एकछत्र शासन गर्न सक्थे । तर उनले त्यसो गरेनन् । उनले फेरि जनताकै हातमा शक्ति सुम्पे । जनतामाथि उनको कत्रो विश्वास थियो ! तुरून्तै उनले देशवासीहरूलाई पञ्चायती प्रजातन्त्र प्रदान गरे । यो विश्वमै एउटा नौलो वस्तु थियो, एक अभूतपूर्व घटना थियो । राजा महेन्द्र विश्वभरि नै सबभन्दा चर्चित व्यक्ति भए ।

पञ्चायती प्रजातन्त्रको मूलमन्त्र हो शक्तिको विकेन्द्रीकरण अर्थात् जनताको हातमा शक्तिको प्रसारण । यही एकछत्र शक्तिको परित्यागमा राजा महेन्द्रको कत्रो महानता टल्केको थियो । उनको नीयतको सच्चाइ र उद्देश्यको विशुद्धता देखेर नेपालीहरूका शिर श्रद्धामा झुकेका थिए ।

देशमा समस्याहरू अन्तहीन थिए । गरिबहरूको हाहाकार र चीत्कार थियो, भूमिहिनहरूको सुँक्कसुक्क र सुस्केरा थियो, हुने र नहुनेमा आकाश, पातालको अन्तर थियो, रजौटाहरूको अत्याचार र मनमानी थियो, शिक्षाको क्षेत्र त्यस्तै अलपत्र थियो, यातायातको सुविधा थिएन, कला, साहित्य र सङ्गीत टाक्सिन लागेका थिए ।

राजा महेन्द्रले राष्ट्रिय योजना परिषद्को गठन गरे । मुलुकी ऐन र भूमिसुधार ऐन जारी गरे । नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान र त्रिभुवन विश्वविद्यालयको स्थापना गरे । रजौटाहरूको बिर्ताको उन्मूलन गरे । पूर्व पश्चिम राजमार्ग, अरनिको राजमार्ग, पृथ्वी राजपथ तथा अरू राजमार्गहरूको निर्माण गरे । प्रशासनमा सुधार ल्याउन लोक सेवा आयोगको गठन गरे । यति मात्र होइन उनले भित्र र बाहिरका नेपाली प्रतिभाहरूलाई प्रोत्साहन दिए, उनीहरूलाई अनुकूल पद प्रदान गरेर आभूषित गरे ।

राजा महेन्द्रको निम्ति कोही प्यारो थियो भने त्यो थियो नेपाली । उनी थिए जनता जनार्दनका राजा । उनले चलन र व्यवहारले राजा र प्रजातको पर्खाललाई तोडे;

म हुँ तिमी, तिमी मै हो
नजानूँ भन्न तँ र म ! शेक्सपियरको शब्दमा उनी प्रत्येक इन्च नै राजा थिए ।

राजा महेन्द्रको प्रथम प्रेम थियो बालक, बालिका । एकपल्ट उनी एउटा स्कुलमा गए र एउटी सानी सुन्दरी बालिकालाई सोधे 'भन त तिमीहरूलाई अमेरिकीहरूले के दिए -' बालिकाका आँखा चमचम गरी चम्के अनि मृदु स्वरमा भनी- 'उनीहरूले हामीलाई सुन्दर सुन्दर गाडीहरू दिए । उनीहरू हाम्रा मित्र हुन् ।' फेरि राजाले सोधे- 'अङ्ग्रेजहरूले नि -' बालिकाले झट्ट भनी- 'अहो ! उनीहरूका त हाम्री जस्तै अति सुन्दरी महारानी छन् ।' बालिकाको सुन्दर केशराशि मुसार्दै राजाले फेरि सोधे- 'अनि भारतीयहरूले नि -' मधुर कम्पित स्वरमा बालिकाले भनी- 'अहो ! उनीहरूले त हामीले जस्तै श्री पशुपतिनाथलाई पुज्दा रहेछन् । उनीहरू हाम्रा दाइ हुन् !'

महेन्द्रले आफूलाई श्री पशुपतिनाथको चरणारविन्दमा समर्पित गरेका थिए । उनी भन्छन् प्रभुलाई चढाउने उनीसित केही छैन केवल नेत्र-जल छ:

मनले धाएर आएँ प्रभु !
अब तिम्रै मन्दिर आएँ
खाली हातले शान्ति आस ली
धाई मन्दिर आएँ ।
अर्पणलाई जलपात्रसम्म नपाई
बहँदो मन गङ्गाजलसाथ,
दुई नेत्र भरीकन ल्याएँ ।

महेन्द्र हुन् जनताका संवेगशील, यौवनोत्फुल्ल, हिम्मती नेता ! अतिशय मानवीय, निर्भीक र देशका उद्धारक । सङ्कटका घडीहरूमा बारम्बार उनले आफ्नो अतुल्य राजनैतिक चातुर्यको प्रदर्शन गरेका छन् । उनको यही ऐतिहासिक भूमिकालाई चाँदनी शाहका निम्नोद्धृत पङ्क्तिहरूले अति सुन्दर ढङ्गमा सङ्केत र रेखाङ्कित गर्दछन्:

तिमी चुक्थ्यौ त रूनेथ्यो इतिहास
वीर नेपालीका गाथा र भाकाका
तिमी झुक्थ्यौ त के हुन्थ्यो होला
यहाँ स्थिति नेपालका डाँडा र पाखाको !

१९७२ को ३१ जनवरी नेपालीहरूका निम्ति दुर्भाग्यको दिन थियो किनभने त्यही दिन महेन्द्रले इहलीला समाप्त गरे । मेचीदेखि महाकालीसम्म शोकको लहर फैलियो । त्यहाँबाट फैलिएर विश्वभरि फिजियो । महेन्द्र गए तर उनी प्रत्येक नेपालीका घटघटमा विराजमान छन् । उनी चिरञ्जीवी छन् ।

(स्वर्गीय राजनारायण प्रधान दार्जिलिङ स्थित सेन्ट जोसेफ कलेजका प्राध्यापक हुनुहुन्थ्यो) - साभार: पैंतीस प्रसिद्ध पुरूष (२०४५) (नरेन्द्रराज प्रसाई, इन्दिरा प्रसाई.)

# इन्द्रजात्रा संस्कृत परम्परा, आध्यात्मिक सन्दर्भ र आधुनिक समाज



डा. केदार कार्की



इन्द्रजात्रा मनाउने परम्परा लिच्छवि राजा गुणकामदेवले काठमाडौं शहर स्थापना गरेको समयमा सुरू भएको भनाइ पाइन्छ । पछि राजा पृथ्वी नारायण शाहदेखि पृथ्वी विपिन शाहसम्मका राजाहरूले पनि यसलाई निरन्तरता दिएका थिए ।इन्द्रजात्रा काठमाडौं लगायत ललितपुर, भक्तपुर, धुलिखेल, दोलखा लगायतका स्थानमा वर्षा र सहकालका देवता इन्द्रको पूजा-आराधना गरी परम्परागत रूपमा नेवार समुदायले मनाउने जात्रा हो । यसलाई येँया पुन्हि पनि भनिन्छ । इन्द्रजात्रा काठमाडौंमा मनाइने विविध जात्रामध्येको एउटा रमाइलो महत्त्वपूर्ण जात्रा हो ।

इन्त्रजात्राको प्रमुख कार्य नै लिंगो (ध्वजा) स्थापना हो । १२औंदेखि १८औं शताब्दीमा निर्मित थुप्रै मठ मन्दिरले सजिएको हनुमानढोका दरबार क्षेत्र यो जात्राको उद्गम स्थल हो । भाद्र शुक्लपक्ष यँलाथ्व द्वादशीका दिन इन्द्रध्वजोत्थानबाट सुरू भई यँलागा: चौथी अर्थात् इन्द्रध्वज पतनसम्म आठ दिन विभिन्न नाच, गान, रथयात्रा गरी यो जात्रा सम्पन्न गरिन्छ । सनातन धर्मावलम्बीहरूका प्रमुख र प्रचलित चाड दशैं, तिहार र फागुभन्दा पनि इन्द्रजात्रालाई संस्कृतिविदहरूले पुरानो चाड मानेका छन् । इन्द्रजात्रा र लिंगो -ध्वजा) ठड्याउने प्रचलनको सम्बन्धमा वाल्मीकि रामायण, महाभारत, हरिवंश पुराण, कालिका पुराण, देवीपुराण, विष्णु धर्मोत्तर पुराण, बृहत्संहिता र भविष्य पुराणमा विस्तृत वर्णन पाइन्छ ।

आफ्नी आमालाई वसुन्धराको व्रत निम्ति पूजा सजाउन स्वर्गलोकका राजा इन्द्र काठमाडौं आएर पारिजातको फूल टिप्न लाग्दा तिनलाई चोर भनी नियन्त्रणमा लिएर डोरीले पाता कसी बीच सडकमै जात्रा गरेको दिनमा हामी इन्द्रजात्रा मनाउँदछौं । त्यस बन्धनबाट मुक्त गराउन इन्द्रकी आमा स्वयं काठमाडौं आएर छोराको बदलामा कुहिरो दिने वाचा गरी इन्द्रलाई फर्काएर लग्छिन । त्यही कुहिरोले गर्दा धानबाली समयमा पाक्ने भयो भन्ने कथन अझै पनि जनजिब्रोमा जीवितै छ ।

इन्द्रजात्राको प्रमुख कार्य नै लिंगो ध्वजा स्थापना हो । पुराण अनुसार प्राचीन कालमा देवता र असुरहरू ठूलो युद्धको तयारीमा लागे । त्रिदेव र सम्पूर्ण देवगणले देवराज इन्द्रलाई विजयी गराउन ध्वजा बनाएर त्यसलाई पूजा गरेर इन्द्रलाई हस्तान्तरण गरे । इन्द्रले समातेकाले त्यस ध्वजालाई इन्द्रध्वजा भनियो । देवासुर संग्राममा देवताहरूको विजय भएपछि इन्द्रध्वज पूजा र समारोहले निरन्तरता पायो ।

काठमाडौंको इन्द्रजात्रा (नेपाल भाषामा: येँया:) उपत्यकाको समृद्ध ऐतिहासिक, धार्मिक र सामाजिक पहिचान बोकेको सबैभन्दा ठूलो र जीवन्त सांस्कृतिक उत्सव हो ।।

१. सांस्कृतिक परम्परा :

इन्द्रध्वजोत्थान (योसिं थनेगु): भक्तपुरको नालास्थित जङ्गलबाट धार्मिक विधिपूर्वक ल्याइएको ५० हात लामो लिङ्गो हनुमानढोका दरबार क्षेत्रमा ठड्याएपछि जात्राको औपचारिक सुरूवात हुन्छ ।

कुमारी, गणेश र भैरवको रथयात्रा: जीवित देवी श्रीकुमारी, श्रीगणेश र श्रीभैरवको रथलाई काठमाडौंको तल्लो र माथिल्लो टोल (क्वने र थने) मा गल्ली-गल्ली परिक्रमा गराइन्छ ।

विभिन्न मुखौटा नृत्य (प्याखं): जात्राभरि मजिपा: लाखे, पुलुकिसी (हात्ती नाच), सवभकु (भैरव र काली), महाकाली नाच तथा देवीप्याखं जस्ता तान्त्रिक र लोकनृत्यहरू गरिन्छ ।

समय्बजि र हाथु हायेकेगु: घरघरमा समय्बजि (परम्परागत नेवारी प्रसाद) बाँड्ने र श्वेत भैरव तथा आकाश भैरवको विशाल मुखौटाबाट प्रसादका रूपमा जाँड तथा रक्सी (हाथु) बगाएर वितरण गर्ने विशिष्ट परम्परा छ ।

२. आध्यात्मिक सन्दर्भ :

प्रकृति र सहकालका देवताको पूजा: पौराणिक कथा अनुसार, स्वर्गका राजा इन्द्र आफ्नी आमा बसुन्धराका लागि पारिजातको फूल (वा कर्कलो) टिप्न मर्त्यलोक (काठमाडौं) आउँदा चोर ठानेर स्थानीयले बाँधेर राखेका थिए । पछि पहिचान खुलेपछि इन्द्रलाई सम्मानका साथ छाडियो र त्यसको सट्टामा उनले खेतीपातीका लागि समयमा वर्षा, कुहिरो र सहकालको वरदान दिएका थिए भन्ने धार्मिक विश्वास छ ।

धार्मिक सहिष्णुताको प्रतीक: इन्द्रजात्रामा वैदिक हिन्दू देवता इन्द्रको पूजा हुनु र बौद्ध महायान परम्परा अन्तर्गत शाक्य वंशकी बालिकालाई **जीवित देवी कुमारी**का रूपमा पुजिनुले काठमाडौं उपत्यकाको धार्मिक सहिष्णुता र सद्भावलाई प्रतिविम्बित गर्दछ ।

दिवङ्गत आत्माको शान्ति (उपाकु वनेगु): जात्राको पहिलो दिन वर्षभरि दिवङ्गत भएका परिवारका सदस्यहरूको सम्झनामा दीप प्रज्वलन गर्दै नगर परिक्रमा गर्ने र दागीं (इन्द्रकी आमा) को पछाडि हिँड्ने गरिन्छ ।

३. इन्द्रजात्राको महत्त्व :

नेपालको समृद्ध सांस्कृतिक पर्यटनको मुख्य आकर्षण बनेको छ । विश्वभरका पर्यटकहरू यस जीवित संस्कृतिलाई हेर्न काठमाडौं पुग्छन् ।

डिजिटल प्रवर्धन: अनलाइन प्रत्यक्ष प्रसारण, फोटोग्राफी र सामाजिक सञ्जालका माध्यमबाट इन्द्रजात्राको सांस्कृतिक महत्त्वलाई विश्वव्यापी रूपमा प्रवर्धन गर्न सहयोग पुगेको छ ।

आधुनिक चुनौतीहरू:

गुठी व्यवस्थापन: परम्परागत गुठी प्रणालीलाई आर्थिक र प्रशासनिक रूपमा बलियो र व्यवस्थित बनाइराख्नु आजको मुख्य चुनौती हो ।

समग्रमा, यो चाड नेवार समाजमा विद्यमान परम्परागत धार्मिक-सामाजिक कला, वास्तुकला, चित्रकला, मूर्तिकला, गाउने-बजाउने, रङ्मञ्च कलाको प्रस्तुतिको सामूहिक उत्सव हो । यसमा देखाइने नेवार समुदायको कला, वास्तुकला, चित्रकला, मूर्तिकला र रङ्मञ्च कलाको सामूहिक उत्सव हो ।

यस पर्वले समाजमा एकता, सौहार्द र समृद्धि कायम राख्न महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । यसले नेपालको धार्मिक, सांस्कृतिक र सामाजिक विविधतासँग गहिरो सम्बन्ध छ ।

इन्द्रजात्रा काठमाडौंको इतिहास, तान्त्रिक आस्था, लोककला र समुदायको सामूहिक एकताको प्रतीक हो । समयक्रमसँगै यसको सञ्चालनमा केही आधुनिक शैलीहरू थपिए पनि यसको मूल मर्म र सांस्कृतिक जग अझै पनि उत्तिकै जीवन्त छ । काठमाडौं उपत्यकाको सहरी संरचना खडा गर्दा हाम्रा पुर्खाले एउटा इँटा पनि बिनाअर्थ राखेनन् । यहाँ हरेक डबलीको अर्थ छ । हरेक खुला स्थलको अर्थ छ ।

यस्ता उत्सवले हाम्रो परम्परागत पहिचानलाई मात्र निरन्तरता दिँदैन, हाम्रो पुर्खाको पहिचान पनि पुनर्स्थापित गर्छ ।सहर भनेको भूगोल मात्र होइन । यहाँका बसोबासी, इतिहास, उनीहरूले मान्ने जात्रा, चाडपर्व र उत्सव हुन् । यी जात्रा र चाडपर्वले हामीलाई नेपालको गौरवपूर्ण इतिहासमा फर्काउँछ । सयौं वर्ष पुरानो सभ्यताको पहिचान स्थापित गराउँछ । यसलाई भोलिको पुस्ताको निम्ति जीवित राख्ने दायित्व हाम्रै हो ।

# Kashmiri Protest Outside UN Headquarters Calls for Justice and Fulfillment of UN Commitments on Kashmir

**Ghulam-Nabi Fai**




**United Nations, New York — September 26, 2026:------------**

While India's Minister of External Affairs, Dr. S. Jaishankar, addressed the 81st session of the United Nations General Assembly in New York on September 26, a peaceful demonstration was held outside United Nations Headquarters calling international attention to the unresolved question of Jammu and Kashmir and urging the United Nations to fulfill its commitments concerning the people of Kashmir.

Despite strong winds and heavy showers, demonstrators—many of them women and children—remained outside the United Nations carrying banners and placards and raising slogans in support of peace, justice and the right of the people of Kashmir to determine their political future.

Among the messages displayed by the protesters were:
"India Took Away Article 370, But Not Our Dreams, Not Our Identity."
"Kashmir Elections Are Just a Deception: Plebiscite Is the Only Solution."
"Kashmiris Reject Indian Occupation: UN Resolutions—The Only Solution."
**"Kashmir Needs Freedom and Justice."**
"UN Resolutions State Clearly: Kashmir Is Not an Indian Protectorate."
The demonstrators also called for the release of Kashmiri political prisoners and named Muhammad Yasin Malik, Shabir Ahmad Shah, Masarat Alam, Aasiya Andrabi, Sofi Fehmeeda and Nahida Nasreen, among others.
The protest was sponsored by the World Kashmiri Awareness Forum. The organizers particularly acknowledged the joint efforts of Raja Mukhtar, National Spokesperson of the Jammu Kashmir Liberation Front (JKLF), North America, and Sardar Taj Khan, Senior Vice President of the Kashmiri Mission, USA. Their cooperation was described as an example of the importance of placing the Kashmir cause above organizational and political differences.
The organizers emphasized that the gathering demonstrated that Kashmiris and their supporters can work together around a common commitment to peace, justice and the rights of the people of Kashmir.

**A Message to the United Nations**
The protesters appealed to the United Nations to remember its historic commitments concerning Jammu and Kashmir and urged the Organization to pursue a peaceful resolution consistent with the principles and resolutions of the United Nations.

They questioned whether the international community can credibly speak of human rights, peace and the rule of law while the political aspirations of the people of Kashmir remain unresolved.
The demonstrators also criticized what they described as a contradiction between India's public invocation of peace and Mahatma Gandhi's philosophy and its policies in Jammu and Kashmir.
During his address to the General Assembly, Dr. Jaishankar referred to Mahatma Gandhi and cited the well-known principle that "there is no way to peace. Peace is the way."
The protesters responded by asking whether the same principle should not also apply to Kashmir.

They pointed to Gandhi's remarks concerning Kashmir in July 1947, as reported by The Wire, in which Gandhi emphasized the centrality of the people of the State. In that discourse, Gandhi stated that the people were the real sovereigns and said, in substance, that the ruler was secondary to the people and that "the people are everything."

For the protesters, those words raise a fundamental question: if the people are ultimately sovereign, should not the people of Kashmir have a meaningful opportunity to determine their own futureæ

**Questions Raised for India**
The demonstrators posed two principal questions to India's External Affairs Minister.
First, if India considers itself conscious of its global responsibilities, how does it reconcile that position with the longstanding dispute over Jammu and Kashmir and the body of United Nations Security Council resolutions concerning the questionæ
The protesters argued that India should address the continuing international concern over Kashmir through peaceful dialogue with Pakistan and legitimate leadership of people of kashmir.
Second, if Mahatma Gandhi's words about peace and the importance of the people are worthy of invocation before the international community, should those principles not also apply to the people of Kashmiræ

The demonstrators urged the Government of India to allow the people of Kashmir a genuine opportunity to express their wishes concerning their political future.
Yasin Malik and Other Detainees
The protesters also called particular attention to the cases of Kashmiri political figures and activists whom they regard as political prisoners.

Regarding Muhammad Yasin Malik, the organizers questioned the basis and circumstances of the legal proceedings against him and recalled that he had previously participated in political and diplomatic engagement, including a peace mission to the United States, the United Kingdom and Pakistan during the government of Prime Minister Dr. Manmohan Singh.
The protesters argued that the history of such engagement should be taken into account in assessing the broader political context of his case. They called for due process, transparency and an independent examination of allegations concerning all Kashmiri detainees.

**A Call for Consistency and Dialogue**

The demonstration also raised broader questions about what the organizers described as the gap between India's international diplomatic language and its policies in Kashmir.

The protesters urged the United Nations and its Member States to apply international human rights principles consistently and to ensure that the concerns of civilians affected by the Kashmir dispute are not overlooked.

They stressed that their demonstration was peaceful and that their objective was to remind the international community that the Kashmir question remains an issue of international concern for millions of people.

The gathering concluded with an appeal to the United Nations to uphold its principles of peace, human rights and self-determination and to work toward a peaceful and durable settlement of the Jammu and Kashmir dispute.

The protesters said their message was simple: peace cannot be achieved by ignoring the aspirations of the people most directly affected by a conflict. They called upon India, Pakistan and the United Nations to place the people of Kashmir at the center of efforts toward a peaceful resolution.

Those who spoke included: Sadar sawar khan; Sardar Imtiaz Gralivi; Sadar Sajid Sawar; Raja Razak Khan; Khalid Awan; Syed Raza Hussain; Amna Taj ;Asad Pervez; Mohammad Sabir; Sardar Habib Khan; Riaz Chohan; Jamshied Gujer; Maqbool Gujer; Choudhary Ishaq, Farah Sawar; Netallia Taj, Zienum and others.

Dr. Ghulam Nabi Fai, who was unable to attend the demonstration because he was participating in a global conference in Kuala Lumpur at the same time, said that the powerful message conveyed by the women and children standing outside the United Nations in drenched clothes had reached the world. "Their courage, despite the heavy rain and strong winds, has made one thing unmistakably clear: Kashmir needs the attention of the world, and its people cannot be forgotten."

# The Mecca Pact: A Mirage of Islamic Unity, A Pact on Paperæ

By Raju Korti——————

The Mecca Pact, barely a month old, has already been discredited. Its authenticity is in question, its efficacy doubtful. The very notion of an "Islamic Nato" has been exposed as a mirage. Collective defence requires not just declarations but capabilities, coordination and political will. None of these are evident in the pact's functioning.
From the outset, the Mecca Pact carried the burden of scepticism. Announced with much fanfare by Saudi Arabia, Turkey and Pakistan in August 2026, it was projected as a historic defence alliance, a bulwark against aggression, and a symbol of Islamic solidarity.
But the pact's first real test has revealed its fragility. The Houthi attacks on Saudi Arabia, particularly the alarm over Mecca itself, have exposed the gulf between rhetoric and reality.
The pact's Nato-style clause, that an attack on one member would be treated as an attack on all, was meant to inspire confidence. Yet when Saudi Arabia's Civil Defence issued an emergency alert warning of a possible aerial strike on Mecca, the alliance was nowhere to be seen.
The Houthis denied targeting the holy city, insisting their operations were directed at oil facilities and military bases. Whether Mecca was truly under threat or Riyadh invoked the spectre of danger to rally Muslim opinion, the fact remains that Saudi Arabia stood alone.
Outrage - and Silence
The symbolism of Mecca being placed on emergency alert was profound. For the first time in history, Islam's holiest city was declared vulnerable. The outrage across the Muslim world was palpable, but the absence of tangible support from pact members was equally glaring.
Pakistan, touted as Riyadh's trump card, offered only condemnation and words of solidarity. Its Prime Minister, Shehbaz Sharif, saluted Saudi vigilance but stopped short of committing troops or military aid. Turkiye, too, remained conspicuously silent.
This silence is not accidental. The pact was always more about signalling than substance. For Riyadh, it projected the possibility of Pakistani backing in its rivalry with Tehran. For Ankara, it was a message to Tel Aviv and Tehran alike. For Islamabad, it was a chance to showcase itself as a leading Muslim power and to leverage Saudi patronage. But when symbolism collides with obligations, the cracks widen.

Islamabad's Balancing Act
Pakistan's reluctance is rooted in its own turmoil. With internal unrest across Balochistan, Khyber Pakhtunkhwa, Sindh and even Punjab, the country is in no position to embark on foreign military adventures. Its economy remains fragile, dependent on Gulf investments and energy supplies that could be disrupted by Iran or the Houthis. Islamabad's balancing act between Riyadh and Tehran leaves little room for decisive intervention. The Mecca Pact, for Pakistan, was an exercise in image-building, not a binding commitment.
History reinforces this pattern. Since its inception, Pakistan has sought to monetise its geography and strategic relevance. From Cold War alliances to its role in the Afghan jihad and the post-9/11 "war on terrorism", Islamabad has repeatedly positioned itself as indispensable, while practising doublespeak. The Mecca Pact fits neatly into this tradition: a bid for prestige, patronage and recognition, without the readiness to shoulder real burdens.
Riyadh's Vulnerabilities and Desperation
Saudi Arabia's response to the Houthi threat further underscores the pact's hollowness. Reports suggest Riyadh turned not only to Washington and London but even to Tel Aviv for intelligence assistance. That Saudi Arabia, which has not formally normalised ties with Israel, would seek such help speaks volumes about its desperation and the irrelevance of the Mecca Pact in practice. The alliance that was meant to embody Islamic unity has been sidelined in favour of pragmatic, even unlikely, partnerships.
The Houthis, meanwhile, have demonstrated the potency of asymmetric warfare. Their strikes on Saudi military and energy infrastructure, as well as commercial shipping in the Red Sea, have rattled Riyadh. By denying any intent to target Mecca, they have sought to undermine Saudi claims and portray the kingdom as manipulative. Whether or not their denial is credible, the fact remains that Saudi Arabia's vulnerabilities have been laid bare.
The implications are stark. The Mecca Pact, barely a month old, has already been discredited. Its authenticity is in question, its efficacy doubtful. The very notion of an "Islamic Nato" has been exposed as a mirage. Collective defence requires not just declarations but capabilities, coordination and political will. None of these are evident in the pact's functioning.
For Saudi Arabia, the lesson is sobering. Reliance on symbolic alliances cannot substitute for robust defence partnerships. For Pakistan, the episode highlights the limits of its power projection and the dangers of overpromising. For Turkey, silence may preserve flexibility, but it also erodes credibility. And for the wider Muslim world, the episode is a reminder that unity proclaimed in grand summits often evaporates when tested by real crises.
The Pact - A Cautionary Tale
The Mecca Pact was meant to reassure, but it has unsettled instead. It was meant to deter aggression, but it has emboldened scepticism. It was meant to embody solidarity, but it has revealed self-interest. In the shadow of the Houthi attacks, the pact stands exposed as a hollow construct, more paper than steel.
The question now is not whether the pact can survive, but whether it was ever meant to work. If its purpose was prestige and signalling, then it has already served its limited function. But if it was meant to provide genuine collective defence, the verdict is clear: it has failed at the first hurdle.
In the end, the Mecca Pact may be remembered not as a milestone of Islamic unity, but as a cautionary tale of alliances built on symbolism rather than substance. The Houthis have delivered more than a military challenge; they have delivered a reality check. And that reality is that the Mecca Pact, despite its lofty promises, exists only on paper.
(The writer is an editor of four-plus decades and a commentator on regional, international, social, cultural and science-related matters. The views expressed here are his own. He may be contacted at krajuster@gmail.com) @SAM

Gorkha Express Weekly
राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक

# पहाडमा वस्ती विकासको अवधारणा



डा.शास्त्रदत्त पन्त

हिमालय क्षेत्रको उपयोगको तरीका : १. यस क्षेत्रलाई सडक जस्ता यातायातका साधनबाट पनि विच्छेद गरिनु पर्दछ। एक दिन पैदल हिँडेर पुगिने ठाउँ अर्थात् १०-१५ किलोमिटर तलसम्म मात्र सडक यातायातको साधनले जोडिनुपर्दछ।

२. तिब्बत छिचोल्ने पाँचबटा राजमार्ग भने यसै निकुञ्ज बीच भएर जाने छुट दिइनु पर्दछ।

३. यसरी यस क्षेत्रलाई विश्वको एक मात्र प्राकृतिक रूपमा रहेको वास्तविक प्रकृति देखिने ९च्भर्बा ख्भचनष्ल बिलम० थलोको रूपमा विकसित गरिनु पर्दछ। यसले विश्व प्रकृतिको अद्वितीय रूप देखाउने क्षमता राख्नु पर्दछ। विश्वको एउटा मात्र वास्तविक प्रकृति देखिने हेर्नलायक ठाँउ बनाइनु पर्दछ।

४. विश्वका सबै शिष्ट ब्यक्ति जीवनमा एकपटक तथा देखेपछि बारंबार आइरहन मन लाग्ने बनाउनुपर्ने हुनुपर्दछ।

५. विश्वको एक मात्र प्रकृति को विशाल राष्ट्रिनिकुञ्ज तथा अनन्त शान्ति दिन सक्ने थलोको रूप लिन सक्नु पर्दछ।

६. विस्थापितहरूका बस्तीका लागि निषेधित क्षेत्र बाहिर व्यवस्थित हिमाली वस्ती बसाइनुपर्दछ। यस वस्तीको मूल ब्यबसाय ब्यापार, उद्योग र आँशिक फलफूल खेती हुनु पर्दछ। एक बर्षभित्र फसल काटिने कुनै पनि खेती गर्नु हुँदैन।

७. हिमाली वस्ती चिसा मुलुकका आधारमा, साइबेरिया, उत्तरी क्यानडा, तास्मानीया, नर्वे, तिब्बत तथा नेपाली लेकाली वस्ती समेतको समागम हुने गरी आश्चर्य लाग्दा कलाका आधारमा तथा स्थानीयता समेत झल्कने गरी निर्माण गरिनु पर्दछ।

८. यसो गरिएमा शत-प्रतिशत भूभागको सही प्रयोग हुन जानेछ। सबै लक्षित उत्पादन धेरै हुन जानेछन्। तथ्यांकहरू सही हुनेछन्। भू-स्खलन रोकिनेछ। वनजंगल बढ्नेछन्। जंगली जनावर र पंक्षीको संख्या बढ्ने छ। जडिबुटीको अभूतपूर्व विकास हुनेछ। निर्यातमूलक व्यापार बढ्ने छ।

९. बस्ती क्षेत्रको साइजका आधारमा पशु पालन तथा फलफूल व्यवसाय गरिनुपर्दछ। यसो गर्दा :

☐ यस तल बस्ने वस्तीका मानिसको श्रमको सदुपयोग हुनेछ।

☐ कच्चा पदार्थ बढेका आधारमा घरेलु उद्योग पनि बढ्ने छन्।

☐ परम्परागत झुसे बानीमा ठूलो तथा क्रान्तिकारी परिवर्तन आउनेछ।

☐ नयाँ सोचाई र नयाँ जोश जाँगर पलाउनेछ, त्यस भेकमा।

(ग) प्राकृतिक रूपमा संरक्षण :

१. पूर्वदेखि पश्चिमसम्म यस वस्ती विहीन हिमालय क्षेत्रलाई विभिन्न रूपमा विकास गर्नुपर्दछ।

२. यस क्षेत्रमा हुन सक्ने घना जंगल, झाडी, बुट्यानको प्राकृतिक रूपमै आँफै विकास हुने गरी दीगो योजना गर्नु पर्दछ।

३. त्यहाँ कस्तुरी मृग, राते मृग, घोरल, चित्तल, हिम चितुवा, पाण्डा र यस्तै अनेकानेक पशु र पंक्षीलाई भू स्थलले थाम्न सक्नेगरी बृद्धि हुने वातावण बनाइदिनु पर्दछ। तिनलाई संरक्षण दिएर लाखौंको संख्यामा बृद्धि गरिनुपर्दछ।

४. सयौं प्रकारका जरिबुटीलाई प्राकृतिक रूपमा मौलाउन दिइनुपर्दछ।

५. यहाँ हुने जरिबुटी र पशुपंक्षीको लगत राख्ने, अनुसंधान गर्ने तथा तिनको ब्यबस्था गर्ने जिम्मेबारीपूर्ण दीगो व्यवस्था गर्नु पर्दछ।

(घ) पर्यटन उद्योग :

१. नेपालमा यस हिमालय रेन्ज वाइल्ड लाइफ कैंम्पका रूपमा यसरी विकास गरिनु पर्दछ कि यसले विश्वभरिका पर्यटकको ओइरो लाग्ने बाताबरण बनोस्।

२. यसले विश्वको उच्च कोटिको पर्यटकीय थलोको रूप लिन सक्नु पर्दछ। विश्वका धनाढय, विश्वकै ठूला कवि र कलाकार, विश्वका सबै खाले ठूला बैज्ञानिक तथा मानवादी प्रकृतिप्रेमीहरूलाई प्रेरणा दिने, मनोरञ्जन दिने, शान्ति दिने एक मात्र थलोको रूपमा विकास गरिनु पर्दछ।

३. यस निकुञ्ज भित्र प्राकृतिक रूपलाई सजाएर हजारौं रिसोर्टहरू, क्रीडास्थलहरू, साहित्यकला कोर्ने, पशुपंक्षी हेर्ने तथा चाहेको तरीकाले बस्ने ससाना नेपाली पनका घरहरू, आश्रमहरू, कुटीहरूको निर्माण गरिनु पर्दछ। तिनमा बिजुली, संचार, कंप्युटर आदिको व्यवस्था गरिनु पर्दछ।

४. सयौँ ठाउँमा प्रकृतिको शान्ति उपभोग गर्न सकिनेगरी बासस्थान, आश्रम आदिको निर्माण गर्नु पर्दछ।

५. यसलाई केनद्रविन्दु बनाएर वन-कृषि विश्वविद्यालय र पर्यटन उद्योगको मूल केन्द्र बनाइनु पर्दछ।

६. हिमालयन साहसिक तथा मनोरञ्जनात्मक खेलहरूलाई एउटा ठूलो गन्तब्यस्थलका रूपमा विकास गरिनु पर्दछ। त्यस्ता साहसिक खेलहरूमा ठाउँ हेरेर व्यवस्था गर्नु पर्दछ। त्यस्ता साहसिक पर्यटनकार्यका लागि आवश्यक ठाँउमा आवश्यक्ता अनुसार हुने गरी निम्न खेलहरू र त्यस्तै अन्य खेलहरू समाबेस गर्नु पर्दछ।

(क) साहसिक ट्रेकिङ
(ख) बरफ चिप्लेटी
(ग) हिम चिप्लेटी
(घ) ग्लाइडिङ
(ङ) हिमाल चढाइ
(च) सीमित शौकिन शिकार
(छ) प्यारा ग्लाइडिङ
(ज) कबिता/काब्य लेखन
(झ) पंछी बिहंगम
(ञ) कन्या प्रकृति-अबलोकन
(ट) उच्च अनुसंधान गर्ने
(ठ) विश्वका शीर्ष संमेलन

७. विशेष खालका खेलको व्यवस्था गरी पर्यटनस्थलको अनबरत खोज र विकास गरिरहन एउटा छुट्टै बोर्डको गठन गर्नुपर्दछ।

८. विश्वका उत्कृष्ट सम्मेलन, गोष्ठी, सभा, कार्यशाला, अनुसंधान तथा खोज मूलक उत्कृष्ट संम्मेलन गराउने व्यवस्थाको निरन्तरता दिने र त्यसको व्यवस्था गर्ने पनि गरिनु पर्दछ।

(ङ) आर्थिक समुन्नति र नेपालीको प्रतिष्ठा

- हिमालयन राष्ट्रिय निकुञ्जको व्यवस्थापनका कारण नेपालको हिमालय रेन्ज वाइल्ड लाइफ कैंम्पको कारण अलौकिक दृश्य, अलौकिक वातावरण तथा अलौकिक भूगोलका रूपमा विश्वभरिका पर्यटकको ओइरो लाग्नेछ।

- हिमालय शान्ति पर्यटनका लागि प्रति बर्ष १० बर्षमा ८० लाख पुग्नेछ।

- सुरक्षाको लागि एक पटकमा ४ जना भन्दा नपर्ने गरी निकुञ्जको प्रबेश रोक्नु पर्दछ।

- बढि हुने पर्यटकलाई व्यवस्थापकले ग्रामिण पर्यटन, नदी-जल बिहार, कलासंस्कृति अवलोकन, धार्मिक पर्यटन आदिमा आकर्षण गर्नु पर्दछ।

- निकुञ्जको पर्यटनबाट ठूलो अर्थ आर्जन हुने छ।

- यसबाट ठूलो संख्यामा रोजगारीका अबसर बढ्ने छन्।

- लाखौंले रोजगार पाउनेछन्।

- यसको सही व्यवस्थापनले सामाजिक जीवनमा भने कुनै कु-प्रभाव नपर्ने हुन जानेछ। बरू थप संरक्षण हुनेछ। किनकि यो पनि पर्यटन आकर्षण गर्ने विषयबस्तु हो।

- यहाँको पानीको पनि अत्यधिक सदुपयोग हुनेछ।

- जरिबुटी, कस्तुरीका विना र अन्य मृत पशुपंक्षीका फ्याँकिएका वस्तु निर्यात गरी देशलाई मनग्य आर्थिक आर्जन गर्न सकिन्छ।

- निकुञ्ज बाहिरका बस्तीहरूमा जरिबुटी प्रशोधनका कारखान संचालन हुनेछन्।

- यी वस्तीहरूमा उल्लेखित बिषयसित संबन्धित प्रशोधन कारखानाहरू, होटल व्यवस्थापन, पर्यटन गाइड, चित्रकला, आयुर्बेदिक शिक्षालयहरू तथा सम्बन्धित तालीम केन्द्रहरू संचालन हुनेछन्। माउन्टनेअरिङ ट्रेनिङ इन्स्टिच्युटहरू संचालन हुनेछन्।

- यस क्षेत्रका बस्तीमा बूढा र ढलेका चाँप गुराँस जस्ता रूखबाट निर्यात गर्न सकिने गुणस्तरका क्यूरियो, उपहार, वस्तु उत्पादन गर्ने स-साना उद्योगको मनग्य संख्यामा स्थापना हुनेछन्।

- हिमाली क्षेत्रमा उत्पादित तथा ढलेपडेका रूख, जरा, पात, लहरा, पत्थर, हिउँ, अदिबाट उत्पादन हुने यी सामाग्री विशेष महंगोमा दरमा बिक्री हुनेछन्।

- यस निकुञ्जले २०-३० लाख पूर्ण रोजगारका अबसर उपलब्ध गराउनेछ। यस्ता रोजगारहरू नेपालीलाई नपुगेसम्म अथवा नेपाली गरीवीको रेखाबाट नउम्केसम्म बिदेशी कसैलाई दिन हुदैन। यदि नेपालीमा आवश्यक ज्ञान, सीप र क्षमता छैन भने पनि सरकारले उनीहरूलाई तालीमको व्यवस्था गरी सो क्षमता याहीँ भरिदिनु पर्दछ।

# संविधान दिवस महत्व कति बाँकी रहेको छ र ?



सुरेशकुमार पाण्डे

हाम्रा देशका नेताहरू पुराना मध्यका धेरै फासीवादी शैलीमा अभ्यास गरे। अहिले उनिहरूलाई जनताले आइना देखाएका छन्। कसैको पनि व्यवहारले नै उनिहरूलाई जनतामा चिनाइ दिन्छ। म लोकप्रिय हु भन्दैमा कुनै लोकप्रिय हुदैन तर गहुँ सँग घुन पनि पिसिन्छ भन्नेबारे विगतको जेन्जी आन्दोलनले प्रष्ट पारेको छ। राजनीतिक पार्टी भित्र वर्षौं इमानदार, नैतिकवान र राष्ट्र प्रेमिहरू समेतलाई अरूले गरेको गलतिको सजाए भोग्नु पर्यो। अहिले त्यो अतितको बिषय बन्यो त्यसबारे हाल कसैले कलम पनि चलाउदैनन्।

अहिले उहि भ्रष्टाचार विरोधी आन्दोलनबाट आएको नयाँ पुस्ताको सरकारले कुनबाटो पच्छ्याएको छ त? यसबारे अहिलेको जनचासो पनि हो र हुनुपनि पर्छ। म आफैले भरत दहालका लेख रचना र केही युट्यूभमा आएका विचार सुन्ने बाहेक उनि कोहुन भन्ने बारे चिनेको छैन। तर उनका लेख रचनाहरू पढ्नेहरूले प्रायजसो उनलाई देशभक्त र जनतान्त्रिक रूपमा बुझेका छौं। यही हाम्रो उनिसँगको चिनारी हो।

एउटा राजनैतिक बिश्लेषक तथा त्रिमूल नेपालका अध्यक्ष भरत दहाललाई गिरफ्तार गरेर बालेन सरकारले प्रज्वोलित जनाधिकारमाथि खञ्जर घोपेकाछन्। के यो फासीवादी सैलि होइन? के उनले राजनीति प्रतिसोध साधेका होइनन्? के भरत दहाललाई गिरफ्तार नै गर्नु प्रने प्रधानमन्त्रीको बाध्यता थियो? अहिले धेरै जसो जनतामा यही जिज्ञासा भेटिन्छ। त्यो अस्वभाविक मान्न सकिदैन। स्वभाविक रूपमा कुनै देशको हितमा आवाज उठाइरहेको व्यक्ति माथि हुनै कुनैपनि घटनाले जनताको ध्यान खिचेकै हुन्छ। जनता आकर्षित हुन्छन् नै।

उनलाई आफ्नै युट्युब च्यानल र सामाजिक सञ्जालमार्फत तथ्यहिन एवम् भ्रामक अभिव्यक्ति प्रसारण र प्रकाशन गरेको आरोप लगाइएको छ। नेपाल प्रहरीको साइबर ब्यूरोमा परेको उजुरीका आधारमा काठमाण्डौ जिल्ला अदालतबाट पक्राउ अनुमती (पुर्जी)लाएर उनलाई मोरङको सुन्दरहरैँचा(सलकपुरबाट नियन्तरणमा लिएको बताइन्छ) (हाल उनी धरौटीमा रिहा भएका छन्।)

विद्युतीय कारोबार ऐनको कसुर-साइबर ब्यूरोका अनुसार दाहालले डिजिटल माध्यामबाट पदाधिकारीहरू समसामायिक राजनीति, नेपाल भूगोल तथा भूराजनीतिसम्वन्धी बिषयमा भ्रामक अफवाह फैलाएको आरोप लगाएको छ।

यस्तो अवस्ता पञ्चायतिराजमा देखिन्थ्यो कुनैपनि राजनीतिक कर्मिले सरकारको बिरोध गरेबापत जेल जानुपरेको। तर अहिले भरत दहालको गिरफ्तारीले देशमा बहुदलिय व्यवस्था अर्थात गणतान्त्रिक मान्यताको विरूद्धमा सरकार अगाडी बढेको छ।

कुनैपनि नागरिक समाजले देशहितको पक्षमा आवाज उठाउने उस्को नैसङ्गिक अधिकार हो र हुनुपर्छ।आफ्नो विरूद्धमा उठेका आवाज राणा र राजाहरूले पनि सहँदैनथे अहिलेको सरकार राणा र राजाकालिन अभ्यास गर्दै छ। हिजो आफैले सिहँदरवार जालउछौं भन्दा उनि सहि थिए यद्यपि त्यो वेला बालेन मेहर थिए, प्रचण्डले पाँच हजार मानिस मारेका हौं भन्दा पनि उनलाई कसैले केही भनेन।तर आज एउटा राजनीतिक बिश्लेषकलाई राजनीति भित्र लुकेको सड्यन्त्र बाहिर ल्याउदा पक्राउ गरिन्छ। अब हामिले बुझ्नै पर्ने कुरा यो सरकारको उदेश्य के हो र सरकार कहा देखि सञ्चालित छ? भरत दहाल माओवादीको तत्कालिन कृयाकलाप ठिक छैन भनेर विद्रोह गरेर बाहिर निस्किएका एकजना सहासि ब्यक्ति हुन्। उनले लगातार देशभित्र हुने विदेशी हस्तक्षेपको विरूद्धमा आवाज उठाउदै आएका छन् भने देशभित्रका तमाम राजनीतिक दलहरूको व्यवहारको बिष्लेषण गर्दै आएका छन्। उनि कुनैपनि सरकारद्वारा गरिएको गलत कृयाकलापको विरूद्धमा आवाज उठनउने गर्छन्। देशमा भरत दहालजस्ता सचेतक ब्यक्तिहरूको आवस्याकता रहिरहन्छ। सरकारले आफ्नो बिरूद्धमा उठेका आवाजहरूलाई यसरी प्रतिषोधको आधारमा दवाउन खोज्ने हो भने देशमा फेरी पनि विद्रोहको लावा दन्किन सक्छ। सरकारले देशमा शान्ति सुव्यवस्था बनाए राख्ने प्रयास गर्नुपर्छ। भरत दहाललई अबिलम्वन विनासर्त रिहा गर्नुपर्छ भन्ने आवाज विभिन्न क्षेत्रबाट उठेको थियो।

यद्यपि कसैले पनि राष्ट्रियता र गणतन्त्र र देशको संविधान विरूद्धमा अराजक गतिविधी गर्नु हुदैन। अहिले देशमा प्रतिसोधको भावना झाँगिदै आएको देखिन्छ। तर पनि देशको नियम कानुनलाई मिचेर अनावश्याक रूपमा कसैलाई दुख दिने प्रयास गर्नु गलत हो। सरकारमा बसेकाहरू आफै अराजक हुनथालेपछि देशभित्र फेरी पनि लावा दन्किने छ। साथै आम नागरिकले पनि राष्ट्रियता र संविधानको रक्षाका लागि आवाज उठाउनै पर्छ।

हामी सबै यही देशका नागरिक हौं हाम्रो समाज, परिवार एउटै र यसको व्यवहार उस्तै उस्तै छ। या त हामिले विद्रोहको सेवाय अरू सिकेनौं वा राजनीति गर्न जानेनौं।हामिहरू विदेशीको इसारामै नाच्न थाल्यौं यसैको परिणाम आज हाम्रो देशको राजनैतिक ढाँचा नकारत्मक रूपमा निर्माण भएको छ। त्यो सरकार पक्ष हौस् वा विपक्ष एकले अर्काको खुट्टा तान्ने प्रत्यकको बानी बसेको छ। कसैको पनि सकारात्मक विचार हुँदैन राम्रो गरेपनि शङ्का नकारात्मक रूपमा मुल्याङ्कन गरिन्छ। विरोधका लागि बिरोध र समर्थनका लागि समर्थन गर्ने गलत प्रवृती हाम्रो समाजमा हावी भएको छ।

विरोधीहरूलाई देख्नै नसक्ने, अरूको विचारको कदर गर्न नचाहाने, पावरमा बसेकाहरूले अपुजिसनमा बसेकाहरूलाई देख्नै नसक्ने उनिहरूद्वारा आएको देश र जनताको हितका विचारहरू पनि लत्ताइदिने सत्ता पक्षको रणनीतिनै बनेको हुन्छ। जसले गर्दा आज राजतन्त्र हटिसकेको बिसौंवर्षसम्म पनि हाम्रो देशले काँचुली फेर्न सकेन। यो भन्दा दुर्भाग्यको बिषय के हुनसक्छ ? जसले हिजो मिलेर तानाशाही व्यवस्थाको अनत्य गरे गणतन्त्र र संविधानका लागि रगत बगाए आज उनिहरूले नै जनताको रगतबाट निर्मित संविधानको धज्जि उडाएका छन्। जुन सरकार आए पनि संविधानत: काम गर्नै नसक्नु र संविधानको उल्लंघन हुनु भनेको कतै संविधानमा नै गम्भीर त्रुटी त छैन ?

लोकतन्त्र, जनतन्त्र, गणतन्त्र जेसुकै भनेपनि जनताको हातमा सार्वभौम सत्ता संपन्न हुनु र राषष्ट्रियताको रक्षाका लागि, आफ्नो हक अधिकारका लागी आवाज उठाउन पाउने व्यवस्था हो। जसले अरूको स्वतन्त्र अभिव्यक्तिको पनि सम्मान गर्न सक्नुपर्छ।

हो यदि कसैले राष्ट्रको विरूद्धमा बोल्छ भने उनिहरूलाई चेतवानी र कानुन अनुसार सजाए दिनुपर्छ। कसैले देश र जनताको हितमा आवाज उठाएको छ भने त्यो आवाजको सकारत्मक रूपमा मुल्याङ्कन् हुनुपर्छ। सरकार जस्को भएपनि सरकाले देश र जनताको हितमा काम गरेको छ भने त्यसको समर्थन पनि हुनुपर्छ। हामिसँग विधान छ त्यो विधिको विधान सबैमा लागु हुनुपर्छ। संविधान र कानुन भन्दा माथि कसैलाई पनि मानिदैन। पुँजिवादी गणतन्त्रमा पनि राष्ट्रियता र त्यो देशको संविधान कानुनलाई जोगाउने सबैको कर्तव्य हुन्छ। नागरिक दायित्व हुन्छ।

अहिले सत्तामा बसेर हुकूम चलाउनेहरू हिजो थुप्रैले बलिदान दिएर आएको गणतन्त्रको सम्मान गर्नुपर्छ। हुकुम मान्नेहरूले पनि संविधानको मान त राख्नैपर्छ।

देशका तमाम देशप्रेमी र स्वतन्त्रता प्रेमीहरूले साडे ६दशक बलिदानिपूर्ण शङ्घर्ष गरेपछि यहाँसम्म देशलाई डोराउन सकेका हौँ। त्यसले सबै राजनैतिक पार्टी, वुद्धीजीविहरूको जनताहरूको थोरै धेरै भूमिका अवश्य पनि छ। यो देशपनि देशका सबै नागरिकहरूको हो। अहिले पावरमा पुगे भन्दैमा यस्ता सचेत देशभक्तहरू माथि यसरी दमन गर्ने व्यवहार नगरौं।

हामीले राणाकालिन अवस्था देखि झेल्दै आएको व्यवस्था निरंकूश नै हो। त्यसको विरोधमा देशका जनताहरू लामो र अथक सङघर्ष गरेका छन्। देशका जनताले सदियौं देखिनै शान्ति सुव्यवस्थाको निमित्त लगातार लड्दै आएका छन्। देशभित्र जन चाहनानुसारको व्यवस्था आउन नसक्नुको पछाडि पनि सत्तामा बसेकाहरूले हालिमोहाली गर्दै आएकोले पनि हो। राणाकालिन जनता रहेनन् उनिहरू अहिलेका सचेत र परिवर्तनसिल जुझारू नागरिक हुन्। जसले सहि र गलतलाई छुट्टाउने छन्। सरकार र जनता दुबैको जिम्मेवारी हो, सभ्य समाज निर्माण गर्नु।

# चिनियाँ जहाज कि अप्रिल फूल ?

मेड इन चाइना जहाज उडाउन नसकेको र लिलाम पनि गर्न नसकेपछि नेपाल एयरलाइन्स बिबादमा तानिएको छ। यी जहाजहरू किन ल्याइए, किन चलेनन् र किन लिलाम पनि गर्न सकिएन, अब के गर्ने ? अनेक चर्चा छ। यही



विषयलाई लिएर चीनविरूद्ध अनेक टिकाटिप्पणी भइरहेका छन्। नेपालले जहाज किन्ने, चीनलाई बदनाम गर्ने प्रवृत्तिले पनि नेपाल चीन सम्बन्धमा चिसोपना बढेको छ। चिनियाँ जहाज एयरपोर्टमा डम्प भएपछि यी जहाजको कथा कतिपय सत्य र कतिपय बढी प्रचारवाजीमा पनि देखिन्छन्।

चीन सरकारको कूटनीतिक दबाबमा नेपाल सरकारले चिनियाँ जहाज खरिद गर्ने निर्णय गर्‍यो। यसका लागि २०११ को नोभेम्बरमा ग्रान्टमा पाइने जहाज हेर्न प्राविधिक टोली चीन गयो। 2012 df Aviation Industry Corporation of China (AVIC) सँग २ ५६ सिटे एमए ६० र चार १७ सिटे वाई १२ का लागि सम्झौता गरियो। ma 60 and one y 12 e worth Rs2.94 billion as gift in 2014 गिफ्टमा प्राप्त हुनेभयो। अन्य ४ का लागि Rs3.72 billion with a soft loan provided by China's EXIM Bank. यो २० वर्षे ऋण हो। सुरूका ७ वर्ष छूट हुनेछ। यी जहाजका ल्याइदा हवाई क्षेत्रमा नयाँ युग सुरू हुने प्रचारबाजी गरियो।

In 2014, one 17-seater Y12e aircraft and one 58-seater MA60 arrived in Kathmandu.

जहाज आए चल्न थाले तर केही दिनमै अनेक समस्याहरू आउन थाले, नेपालका लागि उपयुक्त ठहरिएनन्। कसले के कति लाभ लियो, नेपालको सन्दर्भमा यी जहाजहरू भारका रूपमा देखिन थाले, अन्तत: भार नै साबित भए। चिनियाँ जहाज नेपालका लागि उपयुक्त ठहरिएनन्। कमाएर २१ करोड ८७ लाख ९९ हजार ८ सय ५० चिनियाँ युआन ऋण र १.५ प्रतिशत ब्याज तिर्ने कुरा सपना हुनपुग्यो। ३ वर्षदेखि ग्राउण्डेड चिनियाँ जहाजबाट नेपाल एयरलाई ८ अर्बभन्दा बढी घाटा भइसकेको छ। दिनहुँ घाटा बढ्दो छ।

सन २०२० देखि उपयोग हुन नसकी थन्किएका छन्। एउटा जहाज सुरूमै क्र्यास भएको थियो, अन्य ५ लाई स्क्र्याप मूल्यमा बेच्न राखियो। कसैले किनेन। US-based Aviation Asset Management Inc ले हेर्‍यो, उसले पनि किनेन। २०१२ देखिको **EXIM Bank of China** को डेब्ट ट्र्यापमा नेपाल परेको छ। फिर्ता लैजान भन्दा चीनले मानेन।

यी चिनियाँ जहाजहरू 'junkyard price' बिक्री हुन सकैनन्। ग्रान्ट र लोनसहितका ६.६६ मिलियनका चिनियाँ जहाज भार हुनपुगेका छन्।

चिनियाँ जहाज कहाँ कहाँ बेचियो ? -जिम्बाबेले २००६ मा एउटा एक्सआइएएन एम ए ६० किनेको थियो। थन्क्यायो। केमरून, लावस र इरिट्रिय एयरले किनेका चिनियाँ जहाँज २०१९ देखि ग्राउण्डेड छन्। केमरूनमा एयर कार्टोले २०२० देखि ४ जहाज थन्क्याएको छ। ताजिकिस्तानमा २०१८ देखि एउटा जहाज थन्किएको छ। अफ्रिकन र दक्षिण अमेरिकी एयर फोर्सेसले किनेको एमए ६० को हालत राम्रो छैन। नेपालमा भार भयो। - न्यूज डेस्क।

राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक
(साविक म.क्षे.हु.नि.) गो.हु.द.नं. ५/०६७-६८ हाल ५/०८२-८३
का.जि.का.द.नं. २५-०३९/४०  भ्याट नम्बर- ३ ० ४ ५ ६ २ ४ ४ ४
मंगलबार Tuesday
२०८३ असोज १३, Sep. 29, 2026





## अन्तिम पातो - शाश्वत शर्मा

# असमन्जसको स्थिति अन्त होस्

राष्ट्रसंघमा दमदार अभिव्यक्ति दिएर विश्वकै मथिङ्गल हल्लाएर फर्केका प्रम बालेन साहको प्रतिपक्षीको विरोध कम, बालेनको प्रशंसा ज्यादा भइरहेको छ । तथापि अनाहकमा भरत दाहाल, किशोर श्रेष्ठ, दुर्गा प्रसाई, पूर्व प्रधानन्यायाधीशहरूलाई पक्राउ गर्ने र छाड्ने लुकामारी पनि चलिरहेको छ । जुन हुनुहुन्नथ्यो । सञ्चारमन्त्रीले स्वरोजगारमूलक प्रत्रिकाको घाँटी अँठ्याउने र सिङ्गो सरकारले निरङ्कूश शैली देखाउनाले बालेनको इमानदारितामा प्रश्न उठ्न थालेको छ । उनले भ्रष्टाचार गरेका छैनन् तर काममा जुन गतिका साथ अघि बढ्नुपर्थ्यो, सुशासनका लागि जुन तरिकाले काम गर्नुपर्थ्यो, जनताको पीडा बुझेर तत्काल गर्नुपर्ने निर्णय तत्काल र दूरगामी महत्वका निर्णय त्यहीअनुसार गर्नुपर्थ्यो । हुनसकेका छैनन् । घूस खाने प्रवृत्ति कार्यालयहरूमा चलेकै छ ।

संविधान संशोधन सेलायो । संवाद, सहमति र सहकार्य हरायो । सबै राजनीतिक दलहरूसँग मिलेर अघि बढेको खण्डमा बालेन साह र रास्वपाको इज्जत बढ्नेछ, जनआकर्षण प्रतिपक्षीको विरोधलाई लतारेर उक्सिने छ । यसतिर सभापति रवि लामिछाने र प्रम बालेन साहको ध्यान नपुगेकै हो । स्थापित ठूला दलहरू किनारा लागे, लगाइए । जनताले विश्वास गरे, त्यो विश्वासको जगमा जुन तीब्रताका साथ काम हुनुपर्ने हो, हुनसकेको छैन । नियतमा शंका छैन, निर्णय पनि सकेको छैन ।

राजतन्त्र पनि नेपालमा राजनीतिक शक्ति हो । यो शक्तिलाई पुराना दलहरूले पनि मानेका थिए, कार्यरूपमा नल्याउँदा आज पुराना र ठूला दलहरू नराम्ररी पाहा पछारिएझैं पछारिएका छन् । पुराना पछारिए, नयाँले मौका पाए । नयाँले अब परिवर्तन गरेर देखाउनुपर्ने छ । ६ महिना भइसक्यो, जनतासँग गरेका करारअनुसार काम भइरहेका छैनन् । घोषणापत्र अनुसार कम काम भएका छन् । त्यसै पनि पुच्छर लुकाएर भागेकाहरू सतहमा उभिएर फुइँकी हान्न थालिसके । तिनको मुखमा बुजो हाल्नका लागि पनि बालेन सरकारले जनअपेक्षाअनुसारको काम गर्न दिलोज्यानले लाग्नुपर्नेछ । प्रम बालेन, अब पनि भिजेको परालखुट्टे चाला नदेखाउ ।

### विपद्को समयमा पर्न सक्ने मानसिक असरको न्यूनिकरण गरौं

- **विपद्को समयमा डर, तनाव, चिन्ता, दुःख तथा असहज महसुस हुनु स्वाभाविक हो,**
- **आफन्त, साथीभाइ तथा समुदायसँग खुलेर कुराकानी गरौं,**
- **सुरक्षित स्थानमा बसौं, आफू र परिवारको सुरक्षालाई प्राथमिकता दिऔं,**
- **बालबालिका, ज्येष्ठ नागरिक तथा असहाय व्यक्तिलाई विशेष साथ, सहयोग र भरोसा दिने गरौं,**
- **नियमित खानपान, प्रयाप्त आराम, निन्द्रा तथा दैनिक गतिविधिलाई सकेसम्म निरन्तरता दिने गरौं,**
- **विपद्को समयमा अफवाहमा विश्वास नगरी विश्वसनीय स्रोतबाट मात्र सूचना लिने गरौं,**
- **अत्यधिक तनाव, डर वा मानसिक असहजता रहिरहेमा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं ।**

**विपद्को समयमा एक-आपसमा मनोबल बढाऔं, मानसिक स्वास्थ्य जोगाऔं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# राष्ट्रसंघमा नेपालको सशक्त आवाज



म हिमालयको काखमा रहेको टाढाको देश नेपालबाट मानवताका लागि एउटा नजिकैको चेतावनी बोकेर यहाँ उपस्थित भएको छु । म आज यहाँ विकास, लोकतन्त्र, शान्ति र एउटा युवा राष्ट्रको आकाङ्क्षाका बारेमा मात्र बोल्न पाएको भए हुन्थ्यो भन्ने चाहन्थेँ । तर, यसको साटो मैले विशाल विनाश र मृत्युका बारेमा बोल्नुपरेको छ, घर नफर्किने प्रियजनको पर्खाइमा बसेका परिवारका बारेमा बोल्नुपरेको छ, हिलो, ढुङ्गा र पानीमा आफन्तको शव खोजिरहेका समुदायका बारेमा बोल्नुपरेको छ, जसको शव सायद कहिल्यै फेला पर्ने छैन । पुलहरू, सडकहरू, विद्यालयहरू, घरहरू र जीविकोपार्जनका साधनहरू केही मिनेटमै बगेर गएको बारे बोल्नुपरेको छ । दिगो विकासका लक्ष्यहरू प्राप्त गर्ने यात्रामा रहेको मेरो देशको प्रगति अवरूद्ध भएको छ ।

चार हप्ताअघि, विश्वले नेपालको पहाडी समुदायलाई बगाएर लगेको विनाशकारी बाढीको स्तब्ध बनाउने दृश्यहरू देख्यो, जसलाई धेरैले 'हिमालयको सुनामी' भनेका छन् । त्रिशूलीको यो विपत्ति केवल एउटा स्थानीय त्रासदी थिएन । यो विश्वका लागि एउटा चेतावनी थियो र आज म तपाईंहरूलाई सोध्न चाहन्छु, के हामीले साँच्चै त्यो चेतावनी सुनेका छौं? झन्डै तीन वर्षअघि, हाम्रो सगरमाथाको छायामा उभिएर संयुक्त राष्ट्र संघका महासचिवले मानवतालाई जलवायु परिवर्तनको पागलपन र आसन्न विपत्तिका बारेमा चेतावनी दिनुभएको थियो । विश्वको त्यो सर्वोच्च शिखरबाट आएको त्यो आवाजलाई पर्याप्त रूपमा सुनिएन । हामीले नेपालमा सुन्यौं, हाम्रा समुदायले सुने, विश्वभरका वैज्ञानिकहरूले सुने । उनीहरूले प्रमाणसहित त्यसलाई दोहोर्‍याए । तर हामी राजनीतिक नेताहरूले, ती चेतावनीहरूलाई संवेदनशील मानिसहरूले चाहेको गति र मात्रामा कार्यरूपमा उतार्न लापरबाही गर्‍यौं ।

गत महिना हामीले त्यसको दुःखद परिणाम देख्यौं । न्यानो हुँदै गएको जलवायुले हिमालयको कमजोर पारिस्थितिक प्रणालीलाई अस्थिर बनाइरहेको छ, हिमनदीमुनिका पहाडी ढलानहरू फुटाल्दै स्थायी बरफ (पर्माफ्रोस्ट) पग्लिरहेको छ, जसले गर्दा हिउँ र ढुङ्गाको हिमपहिरो, बाढी, पहिरो र अन्य आकस्मिक प्रकोपहरूको जोखिम बढिरहेको छ । नेपाल-चीन सीमाका दुवैतर्फ यसको विनाशकारी असर देखियो । बाढी तल्लो तटीय क्षेत्र हुँदै भारतसम्म पुग्यो । यसले हामीलाई एउटा आधारभूत कुरा सिकाउँछ । जलवायु परिवर्तनले सीमा चिन्दैन । हिमनदी र बाढीहरू राहदानी र भिसा बोकेर हिँड्दैनन् ।

महामहिमहरू, म यहाँ गुनासो गर्न आएको होइन, केही सुझावहरू बाँड्न आएको हुँ । पहिलो, विपत्तिको समयमा मद्दतका लागि अगाडि आउनुहुने सबैप्रति म नेपालको तर्फबाट गहिरो कृतज्ञता व्यक्त गर्न चाहन्छु । हाम्रा छिमेकी मुलुकहरू भारत र चीनले तत्काल र उदार सहयोग प्रदान गरे । अन्य मित्र राष्ट्रहरू, संयुक्त राष्ट्र संघ प्रणाली, मानवीय संस्थाहरू, परोपकारी संस्थाहरू र विश्वभरका जनता नेपालको साथमा उभिए । ती सबैलाई म नेपाली जनताको तर्फबाट धन्यवाद भन्न चाहन्छु ।

नेपाल अहिले पुनः प्राप्ति र पुनर्निर्माणको ठूलो जिम्मेवारीमा छ । कम्तीमा १४०० जनाको मृत्यु र ५,००० भन्दा बढी मानिस हराइरहेको अवस्थामा, प्राथमिक मूल्यांकनअनुसार भौतिक पुनः प्राप्तिका लागि कूल गार्हस्थ्य उत्पादन (न्मए) को करिब १० प्रतिशत आवश्यक पर्ने देखिएको छ । सन् २०१५ को गोरखा भूकम्पपछि झैं, हामी तपाईंहरूको ऐक्यबद्धता र सहयोगको अपेक्षा गर्दछौं । तर यो विपत्ति किन नेपालभन्दा बाहिरको पनि सरोकारको विषय हो, त्यो हामीले बुझ्नुपर्छ । नेपालले विश्वको कूल हरितगृह ग्यास उत्सर्जनमा ०.१ प्रतिशतभन्दा कम योगदान गर्छ । यो संकट हामीले निम्त्याएका होइनौं, तैपनि हामीले यसको ठूलो मूल्य चुकाइरहेका छौं । हाम्रा हिमनदीहरू पछि हटिरहेका छन्, पहाडी ढलानहरू अस्थिर बनिरहेका छन्, नदीहरू अनपेक्षित भइरहेका छन् र हरेक ठूलो विपत्तिले हाम्रा वर्षौंको विकासका प्रयासलाई मेट्ने धम्की दिन्छ ।

नेपालका लागि जलवायु विपत्ति केवल मानवीय घटना मात्र होइन, यो विकासको संकट हो । यसले सडक, पुल, विद्यालय, घर, खेत र जीविकोपार्जनका साधनहरू ध्वस्त पार्छ । यसले हामीलाई भविष्यका लागि आवश्यक पर्ने स्वच्छ ऊर्जाका पूर्वाधारहरू नष्ट गर्छ । र, यसले गरिब देशलाई आफूले नगरेको क्षतिको मरम्मत गर्न ऋण लिन बाध्य बनाउँछ । तर हामी यहाँ कुनै देश वा महादेशलाई दोष दिन आएका होइनौं । हामी यहाँ कुनै पनि देशलाई जलवायु परिवर्तनलाई अर्को भू-राजनीतिक युद्धको मैदान बनाउन आग्रह गर्न आएका होइनौं । हामी यहाँ सबैलाई साझा जिम्मेवारी र ऐक्यबद्धताप्रति पुनः प्रतिबद्ध हुन आग्रह गर्न आएका छौं ।

संयुक्त राष्ट्र संघको जलवायु परिवर्तनसम्बन्धी खाका महासन्धि (UNFCCC) मार्फत, अन्तर्राष्ट्रिय समुदायले 'साझा तर विभेदित जिम्मेवारी' को सिद्धान्तमा सहमति जनाइसकेको छ । जसले ऐतिहासिक रूपमा समस्यामा बढी योगदान पुर्‍याएका छन् र जसको जवाफ दिने क्षमता बढी छ, उनीहरूले नै बढी काम गर्नुपर्छ । जलवायु न्याय संयुक्त राष्ट्र संघको दस्तावेजमा मात्र सीमित एउटा सुन्दर वाक्यांश बन्न सक्दैन । हाम्रो देशका जनतालाई आफ्नो विगतलाई सधैं पुनर्निर्माण गरिरहनुको साटो, भविष्य निर्माण गर्न दिनुपर्छ ।

महामहिमहरू, हिन्दू-कुश हिमालय करिब दुई अर्ब मानिसको घर हो । यी हिमालहरूले नेपालभन्दा टाढाका जनसंख्यालाई पानी, पारिस्थितिक प्रणाली, कृषि र जीविकोपार्जन प्रदान गर्दछन् । हिमालय ग्रहको छेउको कुरा होइन, यो पृथ्वीको जीवन रक्षा प्रणालीको अभिन्न अङ्ग हो । त्यसैले, तत्कालको पहिलो कदमका रूपमा हामी प्रस्ताव गर्दछौं कि नेपाल, भारत र चीनको नेतृत्वमा 'हिमालय जलवायु लचिलोपन संयन्त्र' (Himalaya Climate Resilience Mechanism) स्थापना गरौं । यस संयन्त्रमार्फत, हामी भू-उपग्रहको तथ्याङ्क र विज्ञता साझा गरौं । खतरनाक हिमनदी तालहरूको अनुगमन गरौं, संयुक्त पूर्व चेतावनी प्रणालीलाई सुदृढ गरौं र जब विपत्ति आउँछ, सीमापार सहायतालाई समन्वय गरौं । हिमालयलाई छरिएका सूचनाहरूको सिमाना होइन, अन्तर्राष्ट्रिय सहयोगको प्रयोगशाला बन्न दिऔं ।

अल्पविकसित राष्ट्रका लागि उल्लेखनीय रूपमा, नेपालले आफ्नो पारिस्थितिक हिस्साभन्दा बढी विश्वव्यापी भूमिका निर्वाह गरिरहेको छ । हामीले आफ्नो भू-भागको झन्डै आधा क्षेत्रमा वन क्षेत्र पुनर्स्थापना गरेका छौं । हामी स्वच्छ ऊर्जाका आवश्यकताहरू पूरा गर्न र विदेशमा फोहोर ऊर्जाका स्रोतहरूलाई विस्थापित गर्न जलविद्युतको जडान तीव्र गतिमा गरिरहेका छौं । हामी युरोपका केही भागहरूसँग मेल खाने दरमा विद्युतीय सवारी साधनलाई प्रवर्द्धन गरिरहेका छौं । हामी स्थानीय स्तरमा जलवायु अनुकूलनलाई सुदृढ गरिरहेका छौं र बढ्दो तीव्रता र आवृत्तिमा आउने जलवायु विपत्तिहरूसँग जुझ्न हामी थप प्रयास गर्नेछौं । तर विश्वव्यापी शासनको असफलताले निम्त्याएको यो संकटविरूद्ध नेपालले मात्र लचिलोपन निर्माण गर्न सक्दैन ।

त्यसैले यो सभाले ६ वटा शब्दहरूमा ध्यान दिनुपर्छः राहत, पुनःस्थापना, पुनर्निर्माण र साथै जिम्मेवारी, क्षतिपूर्ति, लचिलोपन । पहिलो तीनवटा विपत्तिपछि चाहिने कुरा हुन् । पछिल्ला तीनवटा कुराहरू विपत्तिलाई स्थायी अवस्था बन्न नदिन आवश्यक छन् । जब जलवायुजन्य विपत्तिले गरिब देशको पूर्वाधार नष्ट गर्छ, त्यसको जवाफ केवल अर्को ठूलो ऋण वा साना अनुदानहरूको जोडजाम मात्र हुन सक्दैन । हामीलाई विश्वबाट पर्याप्त अनुदानमा आधारित सहयोग आवश्यक छ । नोक्सान र क्षति कोष ( Loss and Damage Fund), विश्वव्यापी वातावरण सुविधा र अन्य वित्तीय संयन्त्रहरू पर्याप्त छैनन् । जलवायु वित्त यस्तो कर्मचारीतन्त्रको भूलभुलैया बन्नु हुँदैन, जसमा कमजोर देशहरूले सहयोग चाहिने वर्षहरू खर्चनुपरोस् । घरमा आगो लाग्दा, हामी परिवारलाई ५० वटा फारम भर्न लगाउँदैनौं, हामी कदम चाल्छौं । जलवायु न्यायको अर्थ यही हुनुपर्दछ ।

महामहिमहरू, यसले मलाई एउटा ठूलो प्रश्नतर्फ लैजान्छ । तपाईं कस्तो अन्तर्राष्ट्रिय व्यवस्था चाहनुहुन्छ? संयुक्त राष्ट्र संघको जन्म भयानक विश्वयुद्धको मानवीय अनुभवबाट भएको हो । यसको वाचा थियो कि सार्वभौमसत्ताको अर्थ हुन्छ, अन्तर्राष्ट्रिय कानूनको अर्थ हुन्छ, हरेक मानवको मर्यादाको अर्थ हुन्छ र कमजोरहरूले शक्तिशालीले जे भन्यो त्यही स्वीकार गर्नुपर्ने अवस्था आउँदैन । आज त्यो अन्तर्राष्ट्रिय प्रणाली दबाबमा छ । धेरै पटक सैन्य र आर्थिक शक्तिले कसको आवाज सुनिने र कसको युद्धको अर्थ हुने भन्ने कुरा निर्धारण गर्छ । नेपालको विश्वास छ कि हामीलाई अझ निष्पक्ष विश्वव्यापी आर्थिक व्यवस्था आवश्यक छ ।

सन् १९९४ मा, ग्ल्मए को मानव विकास प्रतिवेदनले 'मानवीय असुरक्षा' को धारणालाई अवधारणागत रूप दियो । यसले सुरक्षालाई भूभागको सट्टा मानिससँग र हतियारको सट्टा विकाससँग जोड्यो । यसले डर र अभावबाट स्वतन्त्रता सुनिश्चित गर्न शान्तिको लाभांश (Peace Dividend) को आह्वान गर्‍यो । यस मार्चमा हाम्रो इतिहासको सबैभन्दा निष्पक्ष र शान्तिपूर्ण निर्वाचनबाट निर्वाचित नेपालको नयाँ बहुमतको सरकारले धेरै अन्तर्राष्ट्रिय प्रतिकूलताहरू झेल्नुपरेको छ । जब नेपालकी एक गरिब किसान महिलाले मनसुनमा बीउ रोप्न खोजिन्, मल समयमै पुगेन । जब हामी नयाँ राजमार्गका लागि भुक्तानी गर्न चाहन्थ्यौं, त्यहाँ पैसा थिएन ।

कारणभन्दा बाहिरको कुराका लागि गरिब जनतालाई दण्डित गरिन्छ । अन्तरमहादेशीय मिसाइलहरू समयमै आइपुग्छन्, राइफल र गोलाबारूद सीमापार गर्छन्, सबै अवरोधहरू पन्छाउँछन्, हरेक समयसीमा पूरा गर्छन् । तर नेपालको एक किसानले आवश्यक पर्दा बजार मूल्यमा मल वा इन्धन पाउन सक्दैन । हामीले युद्धका लागि त्रुटिरहित र खानाका लागि भत्किएको लजिस्टिक भएको संसार बनाएका छौं । र यो नेपालको मात्र दुर्भाग्य होइन । बंगलादेशलाई सोध्नुहोस्, भुटानलाई सोध्नुहोस्, भारतलाई सोध्नुहोस्, माल्दिभ्सलाई सोध्नुहोस्, पाकिस्तानलाई सोध्नुहोस्, श्रीलंकालाई सोध्नुहोस्, हाम्रो क्षेत्रको कुनै पनि देशलाई सोध्नुहोस् र तपाईंले उस्तै कथा सुन्नुहुनेछ । हामीले सुरू नगरेको जलवायु परिवर्तनबाट र हामीले सुरू नगरेको युद्धबाट हामी प्रताडित छौं । यसले हामीलाई सिकाउँछ कि विश्वव्यापी सहयोगमा देखिनेभन्दा धेरै कुरा बिग्रिएका छन् ।

महामहिमहरू, मलाई भनिएको छ कि यो वर्ष यो सभालाई सम्बोधन गर्ने म सबैभन्दा कान्छो सरकार प्रमुख हुँ । म त्यसलाई एउटा कथा बनाउन आएको होइन । म यो सुनिश्चित गर्न आएको हुँ कि यस मञ्चबाट जे सुकै बोलिए पनि, एउटा कुरा स्पष्ट रूपमा भनियोस्: मूल्य चुकाउन तयार रहेको देशले किन्न पाउनुपर्छ र ७२ घण्टामा संसारको जुनसुकै ठाउँमा हतियार पुर्‍याउन सक्ने संसारसँग एक किसानलाई जीविकोपार्जनका साधन नदिने कुनै बहाना छैन । त्यसैले हामी बहुपक्षीयतामा विश्वास गर्छौं । त्यसैले हामीलाई यस्तो संयुक्त राष्ट्र संघ आवश्यक छ जहाँ सानो गरिब देशको उपस्थिति महसुस होस् र हामी परिणामतर्फ सँगै हिँड्न सकौं । त्यसैले जलवायु न्याय केवल पैसाको कुरा मात्र होइन । यो वितरणात्मक न्यायको कुरा हो: लागत कसले व्यहोर्छ ? यो प्रक्रियागत न्यायको कुरा हो: आवाज कसको छ ? यो कुराको हो कि पहाडी समुदाय, साना टापु राष्ट्रहरू, भूपरिवेष्ठित र अल्पविकसित देशहरू र आउने पुस्ताहरूले समान रूपमा गन्ती पाउँछन् कि पाउँदैनन् । भोलि संयुक्त राष्ट्र संघमै हुने 'सगरमाथादेखि समुद्र तटसम्म' (Sagarmatha to Seaside) कार्यक्रमबाट नेपाल यो संवादको नेतृत्व गर्न तयार छ ।

श्रीमान् अध्यक्षज्यू र महामहिमहरू, हामी यो महासभामा गहिरो विश्वव्यापी अनिश्चितताको क्षणमा छौं र नयाँ पुस्ताको आकाङ्क्षा प्रतिबिम्बित गर्ने नयाँ लोकतान्त्रिक जनादेशका साथ उभिएका छौं । हाम्रा युवाहरूले इमानदारिता र जवाफदेहिताको राजनीति मागेका छन् । यो पुस्तागत परिवर्तन केवल राष्ट्रिय कथा होइन । यो द्वन्द्व, असमानता र अवसरको कमीविरूद्धको विश्वव्यापी जागरणको हिस्सा हो । मेरो सरकारको प्रतिबद्धता स्पष्ट छः यस्तो राज्य निर्माण गर्ने जसले मर्यादित रोजगारी, सामाजिक सुरक्षा र प्रत्येक नेपालीलाई स्वदेशमै फस्टाउने निष्पक्ष अवसर प्रदान गरोस् ।

नेपालको बाढीले जलवायु चरम सीमाबाट बन्ने भविष्यको संकेत गरेको छ । हाम्रा आधारभूत व्यवस्थाहरू अब सान्दर्भिक छैनन् र हामीले तदर्थ प्रतिक्रियाहरूबाट तयारीको संस्कृतिमा जानुपर्छ । लचिलोपनलाई वित्तपोषण गरौं र बीमा तथा नवीनतामा लगानी गरौं । बलिया पूर्वाधार र संस्थाहरू निर्माण गरौं । जीवाश्म इन्धनमाथिको निर्भरता कम गरौं । चेतावनी दिने, सतर्क गराउने र जीवन बचाउने प्रणाली निर्माण गरौं । सबैभन्दा कमजोरहरूलाई सबैभन्दा कम शक्ति दिने व्यवस्थामा सुधार गरौं । र जब विश्वको सर्वोच्च शिखरबाट अर्को चेतावनी आउँछ, आउनुहोस्, हामी यसलाई सुन्न तयार होऔं र कार्य गर्न तयार होऔं ।

भगवान पशुपतिनाथले विश्वको कल्याण गरून् । यो विश्व, यो विश्व बुद्धले देखाएको बाटोमा हिँड्न सकोस् । धेरै धेरै धन्यवाद । नमस्ते ।

*(प्रम बालेनको यो अभिव्यक्तिले विश्वको ध्यान नेपालतिर खिचिएको छ । विश्वका प्रभावशाली र शक्तिशाली मिडियाले बालेन साहलाई मुख्य समाचार बनाएका छन् ।)*

